# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष १० अङ्क ३१ पूर्णाङ्क ४५७ | २०८२ माघ २६ गते सोमबार | Monday 9 Feb; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-


## MLPD strongly protests the arrest of Purna Bahadur Khadka and other comrades

Kathmandu | The Marxist Leninist Party of Germany (MLPD) has opposed the arrest of communist leaders .Gabi Fechtner/Chairwoman of the MLPD has sent a message to the Government of Nepal to release of all those arrested. –*The message :*

The Marxist Leninist Party of Germany (MLPD) strongly protests the arrest of Purna Bahadur Khadka, member of the Central Committee of the RCPN, and other comrades, so: – Karna Shahi and Ratna Oli, Central Committee Members of the *बाँकी ७ पेजमा*

# ‘निर्वाचन बहिष्कार आन्दोलन दृढतापूर्वक अगाडि बढाऔं !’

# यसरी चलिरहेको छ देशव्यापी बहिस्कार आन्दोलन

काठमाडौं । ‘स्वाधीन संयुक्त जनसरकार र जनसंविधानका निम्ति संघर्ष गरौं !, कठपुतली प्रतिक्रियावादी सरकारद्वारा आयोजित निर्वाचन बहिष्कार गरौं !!’ भन्ने मूल नारासहित केन्द्रीय संयुक्त संघर्ष समितिले जनमुदायको नाममा एक अपिल जारी गरेको छ । अपिलमा भनिएको छ, ‘यथास्थिति होइन अग्रगामी परिवर्तनतिर देशलाई मोड्न निर्वाचन बहिष्कार आन्दोलन दृढतापूर्वक अगाडि बढाऔं !’

अपिलमा भनिएको छ, “आदरणीय जनसमुदाय,

आज देशमा कठपुतली सरकारले एक थान आम निर्वाचनको नाटक मञ्चन गर्दैछ । के देशमा डढेलोझैँ दन्किरहेका जनताका समस्याको समाधान निर्वाचनले गर्न सक्दछ ? यो प्रश्नको उत्तर खोज्नै पर्ने, एकपटक गम्भीरतापूर्वक घोत्लिनै पर्ने परिस्थिति हाम्रा अगाडि उपस्थित छ । देश र जनताका समस्याको मुहानबारे छलफल नगरी जतिवटा निर्वाचन गरे पनि समस्याको समाधान कदापि हुने छैन ।

पहिलो संविधानसभाको षड्यन्त्रपूर्वक घाँटी रेटेर दोस्रो संविधानसभामार्फत् दलाल पुँजीवादी संसदीय व्यवस्था कायम गर्ने एकथान यथास्थितिवादी संविधान निर्माण गरियो । आज दन्किरहेका ज्वलन्त समस्याहरूको मुहान यही संविधान र व्यवस्थामा खोज्न जरुरी छ । संविधानले भूमिसुधारको मुद्दा नै गायब पारिदियो । असमान सन्धिहरू कायम राख्यो । समुदायलाई शक्तिशाली बनाउनुको सट्टा पुँजीवादी व्यक्तिगत सम्पत्तिको हकलाई बढावा दियो । साम्राज्यवादले लादेको उत्पादन गर्नै नदिने, नागरिकको आधारभूत सेवा क्षेत्रबाट राज्यलाई अलग राख्ने र सम्पूर्ण विषय बजारको हातमा सुम्पने नवउदारवादी नीतिलाई अस्वीकार गरेर राष्ट्रिय स्वाधीन अर्थतन्त्रको पक्षमा संविधान उभिन सकेन । नेपालको मौलिकतामा आधारित बहुसंख्यक उत्पीडित जनताको शासकीय स्वरूप र निर्वाचन प्रणाली तयार पार्न सकेन, बरु दुनियाभरि असफल शासकीय स्वरूप र दलाल पैसावालाको कब्जा हुने निर्वाचन प्रणाली कायम गर्‍यो । शिक्षा, स्वास्थ्य बेलगाम व्यापारीकरण गर्ने नीति स्थापित गर्‍यो । कर्मचारीतन्त्रदेखि सबै राज्यका निकायहरूलाई पुरानै जनबैरी ढाँचामा निरन्तरता दियो । यिनै आधारभूत विषयहरू आजका समस्याका मुहानहरू हुन् ।

क्रान्तिकारी भूमि सुधार र कृषिको वैज्ञानिकरण नभएपछि बहुसंख्यक किसान उत्साहित भएनन् । कृषि क्षेत्र निरुत्साहित र अलपत्र भयो । देशमा उत्पादन गर्नै नदिने दलाल पुँजीवादी व्यवस्थाका कारण औद्योगिकरणको प्रक्रिया नै रोकियो । अलपत्र कृषि र औद्योगिकरणको अभावले बेरोजगारीको विस्फोट हुन पुग्यो र आज ८० लाखको हाराहारीमा विदेशिनु पर्ने भयावह स्थिति उत्पन्न भएको छ । शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा जस्ता विषय बेलगाम बजारको हातमा छाड्नाले महंगी र अभावको कष्टसाध्य अवस्थामा बाँच्न जनतालाई बाध्य पारियो । असमान सन्धिहरू खारेज गर्नुको सट्टा एमसीसी जस्ता घातक सम्झौताहरू लादेर देशलाई थप विदेशीको कठपुतली राष्ट्र बनाउने काम तीव्र पारियो । पुरानै ढर्राको कर्मचारीतन्त्रको निरन्तरता अनि पैसामुखी निर्वाचन प्रणालीले भ्रष्टाचार, कमिसनखोरी, वित्तीय अन्याय र अराजकता व्याप्त हुन पुग्यो । आज दलित, आदिवासी-जनजाति, महिला, मुस्लिम र मधेसीका आधारभूत समस्याहरू जस्ताको तस्तै छन्, केवल ती समुदायका एकाध व्यक्तिलाई सत्ताधारी बनाउने कामबाहेक केही हुन सकेको छैन । यसकारण हामी स्पष्ट हुनै पर्दछ कि समस्या यो दलाल पुँजीवादी संसदीय व्यवस्थामा नै छ र यो व्यवस्था रहेसम्म समस्याहरू बल्झिरहनेछन् ।

यही यथार्थका कारणले नै नेपालका क्रान्तिकारी शक्तिहरूले लगातार यो व्यवस्थाबाट देश अगाडि जान नसक्ने भन्दै व्यवस्था परिवर्तनको संघर्ष अगाडि बढाउँदै आएका हुन् । त्यसैगरी कुशासन र कुव्यवस्थाबाट आक्रान्त भएर परिवर्तनको आकांक्षासहित गत भाद्रमा जेन्जी विद्रोह भयो । तर जेन्जी विद्रोहलाई अपहरण गरी देशी विदेशी शक्तिहरूले देशलाई परिवर्तनतिर लानुको सट्टा पुन यथास्थितिमा नै थन्काउन पुरानो सरकारको स्थानमा एक स्थान त्यस्तै नयाँ सरकार र पुरानो संसदको स्थानमा एक थान उस्तै नयाँ संसद बनाउने प्रपञ्च चलिरहेको छ । यस प्रपञ्चलाई ठाडै खारेज गरिनु आवश्यक छ ।

जब एउटा व्यवस्था असफल भएर जब जनविद्रोह देखापर्छ, त्यसपछि स्वाभाविक रूपमा अग्रगामी परिवर्तनको निम्ति राष्ट्रिय सहमतिसहित नयाँ व्यवस्थामा प्रवेश गर्नै पर्दछ । यो संसारभरिकै आम चलन हो । तर नेपाली जनताको अग्रगामी परिवर्तनको चाहनालाई गुमराहमा पार्न व्यक्ति फेरेपछि समस्या समाधान हुन्छ भन्ने झुट प्रचार गरिँदैछ । यो गम्भीर षड्यन्त्र हो । समस्या व्यवस्थामा छ, त्यसैले त यो व्यवस्थामा जुन पार्टी वा व्यक्ति आए पनि समस्या झन् बढ्दै जाने गरेको छ । तसर्थ, समस्याको समाधान नदिने बरु यथास्थितिलाई दोहोर्‍याउने निर्वाचनको कुनै औचित्य छैन । चुनाव रोक्नुपर्दछ र अग्रगामी परिवर्तनको निम्ति स्वाधीन जनसरकार र जनसंविधान बनाउने दिशामा अघि बढ्नुपर्दछ । यदि कठपुतली सरकार त्यस विकल्पमा जाँदैन र *बाँकी ४ पेजमा*

## देवेन्द्र धामीको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति निर्वाचित



❑ **कुमार भट्टराई**

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट अखिल (क्रान्तिकारी)ले देशैभर संगठन विस्तार गरिरहेको छ । १६ वटै व्यूरोका विभिन्न जिल्लाहरूमा जिल्ला सम्मेलन धमाधम भइरहेका छन् । यसै क्रममा ललितपुरको लगनखेलमा शनिबार सम्पन्न भएको जिल्ला सम्मेलनबाट देवेन्द्र धामीको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति निर्वाचित भएको छ ।

अखिल (क्रान्तिकारी)का संयोजक महेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सम्मेलनको अध्यक्षता देवेन्द्र धामीले गर्नुभएको थियो भने सञ्चालन अभि गुरागाईले गर्नुभएको थियो । सम्मेलनमा प्रमुख अतिथि लगायत क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका ललितपुर सक्रेटेरी जगदिश महर्जनलगायतले शुभकामना तथा बधाई मन्तव्य राख्नुभएको थियो । कार्यक्रमलाई इश्वरसिंह *बाँकी ७ पेजमा*

# निर्वाचन बहिष्कारसम्बन्धी दोस्रो चरणको कार्यक्रम सार्वजनिक



काठमाडौं । केन्द्रीय संयुक्त संघर्ष समितिले दोस्रो चरणको निर्वाचन बहिष्कारसम्बन्धी कार्यक्रम सार्वजनिक गरेको छ । केन्द्रीय संयुक्त संघर्ष समितिका संयोजक सी.पी. गजुरेलले २०८२ माघ २० गते एक वक्तव्य जारी गर्दै दोस्रो चरणको कार्यक्रम सार्वजनिक गर्नुभएको हो ।

वक्तव्यमा दोस्रो चरणको कार्यक्रम आगामी माघ २० गतेदेखि फागुन ३ गतेसम्म सम्पन्न गरिने र दोस्रो चरणको कार्यक्रमको मूर्तयोजना स्थानीय संयुक्त संघर्ष समितिले बनाउने भनिएको छ । वक्तव्यमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य पूर्णबहादुर खडकालाई सिन्धुलीमा गिरफ्तार गरी हिरासतमा राखेकोमा तुरुन्त रिहाई गर्न माग गरिएको छ । वक्तव्यको पूर्ण पाठ यसप्रकार छ–“हामी पाँच कम्युनिस्ट पार्टीहरू, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टी (जनपक्ष) सम्बद्ध केन्द्रीय संयुक्त संघर्ष समितिको बैठक २०८२ साल माघ १७ गते बस्यो । बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस-विज्ञप्ति जारी गरिएको छ ।

१. बैठकले यो कठपुतली सरकारले २०८२ फागुन २१ गते गर्ने भनिएको संसदीय निर्वाचनको बहिष्कार आन्दोलनको समीक्षा गर्‍यो । निर्वाचन बहिष्कार कार्यक्रमको सिलसिलामा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई सिन्धुली जिल्लाको दुधौलीबाट प्रहरी प्रशासनले गिरफ्तार गरेकोमा त्यसको विरोध गर्दै उहाँलाई तुरुन्त रिहा गर्न माग गर्‍यो ।

२. बैठकले २०८२ माघ २० गतेदेखि २०८२ फागुन ३ गतेसम्मको लागि दोस्रो चरणको कार्यक्रम तय गरेको छ । कार्यक्रमहरू पर्चा वितरण, भित्तेलेखन, घरदैलो र कोणसभा हुनेछन् ।

३. उपरोक्त कार्यक्रमको मूर्त योजना स्थानीय संयुक्त संघर्ष समितिहरूले बनाउनेछन् ।

४. स्वाधीन संयुक्त जनसरकारको गठन तथा जनसंविधान निर्माणको संघर्षलाई अघि बढाउनका लागि आगामी फागुन २१ गते हुने भनिएको संसदीय निर्वाचनलाई बहिष्कार गर्न केन्द्रीय संयुक्त संघर्ष समिति देशभक्त, प्रगतिशील, वामपन्थी राजनीतिक शक्तिहरू सहित आम मजदुर, किसान, न्यून वैतनिक कर्मचारी, साना तथा मझौला व्यापारी लगायत राष्ट्रिय पुँजीपति वर्गलाई हार्दिक आह्वान गर्दछ ।”

*बाँकी ७ पेजमा*

## ओखलढुंगाका जनताले गरे चुनाव वहिष्कारको घोषणा



ओखलढुंगा । ओखलढुंगाको चिशंखुगढी गाउँपालिका-६ भदौरेका स्थानीयवासीले आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका छन् ।

पछिल्लो समय गाउँमा हत्या, लुटपाट तथा चोरीका घटनामा वृद्धि भएपछि असुरक्षाको वातावरण सिर्जना भएको भन्दै स्थानीयले मतदान बहिष्कारको निर्णय गरेका हुन् । स्थानीयका अनुसार पछिल्लो एक महिनाभित्र चार जनाको हत्या भइसकेको छ, जसका कारण गाउँलेहरू त्रसित बनेका छन् ।

डरका कारण कतिपय गाउँलेहरू *बाँकी ७ पेजमा*

## गोर्खा सैनिकको पक्षमा सर्वेच्चले आदेश दिदासमेत सरकारले कानमा तेल हालेर बस्यो : परि थापा




काठमाडौं : ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (विगेसो)ले नेपाल सरकारका विरुद्ध संघर्ष घोषणा गरेको छ। बिहिबार राजधानीको संवाद डबलीमा पत्रकार *बाँकी ७ पेजमा*

## आगामी फागुन २१ गते हुने निर्वाचनको बहिष्कार गरौं



● शालिकराम भण्डारी ●

मध्ययुगको अन्त्य पश्चात् यूरोपका केही देशमा सामन्तवाद समाप्त भयो । साथै औद्योगिक क्रान्तिको आगमनले समाजमा ठूलो परिवर्तन ल्याई दियो । समाज वर्गमा विभाजित थियो । तर ज्ञान भएको थिएन, हुन गयो । दुई ध्रुवमा बाँडिएको समाज-एक उद्योगमा लगानी लगाउने सबै साधनस्रोत जुटाउने, दोस्रो त्यही उद्योगमा श्रम गर्ने, मालिक र नोकर, हुने खाने र गरि खाने अथवा हुँदा खाने, सामन्ती युगमा भूमिपतिको मात्र प्रभुत्व हुन्थ्यो । जमिनमा काम गर्ने किसान सयौं वर्षसम्म भूमिपति अथवा जमिन्दारबाट उसको बन्धनबाट मुक्त हुन सकेको थिएन । औद्योगिक क्रान्तिले सामन्तवाद विरुद्धको क्रान्तिले श्रमिक मजदुर वर्गलाई केही राजनैतिक स्वतन्त्रता दिलाएकै हो । यसरी अस्तित्वमा आएका २ वर्ग पुँजीपति वर्ग र मजदुर वर्ग आपसमा मिलेर बसेको इतिहास छैन । यिनमा सधै संघर्ष हुन्छ । एकातिर धन थुपार्ने चासो अर्कोतिर ज्यान पाल्न सधैको धौ भइरहने । सामन्तवादमा राज्य संचालन गर्ने संस्था राजा हुन्थ्यो। पुँजीवादमा संसद भयो । यो संसद बनाउन, संसदीय प्रतिनिधि छान्ने परिपाटी बनाइयो । त्यसैले जनताले छान्ने अधिकार पाए । यसैलाई नै प्रजातन्त्र भनिन्छ । छान्ने प्रक्रियालाई निर्वाचन भनिएको हो । यसको सुरुवात सबभन्दा पहिले बेलायतबाट भएको हो । त्यसपछि १९ औं शताब्दीको चौथो दशकसम्म धेरै तोकिएको समयमा धेरै चुनावहरू भए तर धन र शक्ति प्रयोग गर्न नसके वर्गको प्रतिनिधित्व कहीं कतै भएन । एकोहोरो हुने खाने वर्गको मात्र संसदमा उपस्थिति रह्यो । विश्वलाई यसको मूल कारण जर्मनीमा जन्मेका कार्लमार्क्स र फ्रेडरिक एंगेल्सको खोज र अथक परिणामले गरायो । सामाजिक विज्ञानमा ठूलो *बाँकी ७ पेजमा*

## सम्पादकीय

### भूराजनीतिक ध्रुवीकरणले निम्त्याउँदै संकट

पञ्चशील सिद्धान्त र असंलग्नतामा आधारित नेपालको परराष्ट्र नीतिमाथि गम्भीर प्रश्न खडा हुन पुगेको छ। विशेषगरी जेनजी विद्रोहपछि विकसित परिस्थितिमा नेपाल राज्यले अन्तर्राष्ट्रिय सम्बन्धमा आफ्नो घोषित परराष्ट्र नीतिमा दह्रो खुट्टा टेक्न सकेको छैन। परिणामतः नेपाल भूराजनीतिक भूमरीमा फस्ने संकट दिनानुदिन चुलिदै गएको छ।

जेनजी विद्रोहले नेपाली राजनीतिमा भूराजनीतिक ध्रुवीकरण बढाएको छ। चीनसँग निकट कम्युनिस्ट शक्ति र अमेरिकासँग सञ्जाल जोड्ने उदाउँदो पार्टी रास्वपाबीचको प्रतिस्पर्धा स्पष्ट हुँदै गएको छ। दलाई लामाको हालको सक्रियता र निर्वासित तिब्बती सरकारको समर्थनले यो ध्रुवीकरणलाई अझ संवेदनशील र घनिभूत बनाइएको छ।

भदौ २३ र २४ मा भएको जेनजी प्रदर्शनपछि विश्व महाशक्ति चीन र अमेरिकाबीचमा देखिएको प्रतिस्पर्धा सतहमा आएको प्रस्ट हुन्छ। तर त्यसको केन्द्र भागमा दलाई लामा फ्याक्टर जोडिन पुगेको छ। यससँगै चीन र नेपाल सरकारबीच विश्वासको संकट पनि बढ्न थालेको स्पष्ट देखिन्छ।

सन् २०१५ मा नेपालको नयाँ संविधानलाई मान्यता नदिँदै भारतले अघोषित नाकाबन्दी लगायो। यसपछि नेपाल र भारतबीच कालापानी क्षेत्रमा सीमा समस्या पनि बल्झियो। भारतले नोभेम्बर २०१९ मा नेपालको कालापानी क्षेत्र नयाँ नक्सामा समावेश गरेपछि नेपालले त्यसको प्रतिक्रिया दिँदै १९ मे २०२० मा कालापानी-लिपुलेक-लिम्पियाधुरासहितको चुच्चे नक्सा जारी गर्‍यो। त्यसपछि प्रधानमन्त्री ओलीले गत अगस्ट ३० देखि सेप्टेम्बर ३ सम्म चीनमा भएको सांघाई कोअपरेसन अर्गनाइजेसनको बैठक र चिनियाँ सैन्य परेडमा भाग लिए। चीनमा प्रम ओलीले लिपुलेक नेपालको भएको दाबी गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङलाई नेपाललाई सर्मथन गर्न अनुरोध गरे। चीन जानुअघि प्रम ओलीको सचिवालयले लिपुलेकसहितको चुच्चे नक्सा संयुक्त राष्ट्रसंघमा पनि दर्ता गरेको सार्वजनिक गरेको थियो। यही पृष्ठभूमिमा ओली चीनबाट फर्केको ५ दिनको अन्तरालमा जेनजी विद्रोहमार्फत सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको हो।

सन् १९५९ मा अमेरिकाले कुल २६ लाख अमेरिकी डलर बराबरको आर्थिक सहयोग नेपाललाई उपलब्ध गराएको थियो। जसले नेपालको दुर्गम हिमाली भेगमा मात्र होइन, काठमाडौँ, विराटनगर र नेपालगन्जजस्ता सुगम सहरी क्षेत्रमा पनि हवाइ अड्डा निर्माण गरेको थियो। त्यतिबेला अमेरिकाले तीन वटा ट्विनअटर विमान उपलब्ध गराएर नेपाललाई ठूलै गुण लगाएको ठानिएको थियो। अहिले अमेरिकाले नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि नेपाललाई ५५ करोड अमेरिकी डलर बराबरको अनुदान उपलब्ध गराउन सम्झौता गरेको छ। अर्कोतिर नेपाली सेना एसपीपीमा आवद्ध भएपछि पाँच वटा स्काइ ट्रकहरू अमेरिकी सहायताको ३.७ करोड डलरको प्याकेजमा प्राप्त भएका छन्। सन् २०१९ देखि नेपाली सेनाले अमेरिकी हेलिकप्टर पाउन थालेको हो। खम्पा विद्रोहको समयमा अमेरिकाले नेपाललाई सहयोग बढाएजस्तै अहिले पछिल्लो समयमा बढाएको सहायतामा पनि अमेरिकाको साम्राज्यवादी रणनीति पूरा गर्न प्रयोग गरिने गम्भीर आशंका गरिएको छ।

जेनजी विद्रोहको नेतृत्व दाबी गर्दै आएका सुदन गुरुङको संस्था हामी नेपाललाई 'स्टुडेन्ट फर फ्रि टिबेट'ले आर्थिक सहयोग गरेको थियो। जेनजी विद्रोहसँगै काठमाडौँका मेयर बालेन शाहको प्रस्तावमा बनेको सरकारलाई दलाई लामा, उनको निर्वासित सरकार र संसदले बधाई तथा शुभकामना दिएका थिए। यसैबीचमा मन्त्रीको शपथ खानै लागेकी हुम्लाकी टासी ल्हान्जोमलाई दलाई लामा, निर्वासित तिब्बती सरकार र अमेरिकासँग जोडेर सामाजिक सञ्जालमा विवादित बनिन्। यही पृष्ठभूमिमा नेपालका लागि चिनियाँ राजदूत छन सङले प्रम सुशीला कार्कीलाई गत पुस १ गते भेटेर चिनियाँ संवेदनशीलतामा ध्यान दिन भन्दै टासीलाई मन्त्री हुनबाट रोक्न दबाब दिए। हाल टासी रास्वपाको कोटाबाट हुम्ला जिल्लामा प्रत्यक्ष निर्वाचनमा होमिएकी छिन्। प्रचण्डले नेतृत्व गरेको सरकारमा दुई पटक सहभागी भएको रास्वपाले चीनको बीआरआई सहकार्यको रूपरेखामा हस्ताक्षर गर्न मानेको थिएन। चिनियाँ ऋणको विपक्षमा रहेको रास्वपाले बीआरआईको एमओयू सार्वजनिक गर्न समेत माग गरेको थियो।

बालेन शाह अहिले रास्वपाको वरिष्ठ नेता छन्। उनी काठमाडौँको मेयर हुँदा चिनियाँ दूतावासले नयाँ वर्षको उपलक्ष्यमा ठमेलमा कार्यक्रम गर्न अनुमति माग्दा रोक लगाएका थिए। त्यति मात्र होइन, बालेनले चीनले नेपालको चुच्चे नक्सा नमानेको भन्दै चीन भ्रमणको निम्तो अस्वीकार पनि गरेका थिए। तर नेपालको कालापानी क्षेत्र कब्जा गरेर आफ्नो नक्सामा समावेश गर्ने भारतको भने पटक-पटक भ्रमण गरेको भन्दै कतिपयले बालेनको आलोचना गर्दै आएका छन्। कतिपय विश्लेषकहरूको नजरमा अमेरिकी युथ काउन्सिल, एनजीओ र आईएनजीओमा संलग्नहरू सरकारमा सहभागी छन्। तीमध्ये कतिपय मन्त्रीहरू रास्वपामा प्रवेश गरी विर्वाचनको तयारीमा लागेपछि सरकार र नयाँ उदाउँदो पार्टीप्रति चीनको भरोसा टुटेको टिप्पणी हुन थालेको छ। यही पृष्ठभूमिमा माघ १५ गते १० दिने प्रवचनका लागि धर्मगुरु जोनाङ रिन्पोछे भारतबाट काठमाडौँ आए। दलाई लामाका विश्वास पात्रको रूपमा रहेका जोनाङ कालचक्र अध्यापन गराउने तिब्बती लामा हुन्। उनको भ्रमणमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा करिब १ सय जनाले स्वागत गरेका थिए। जसमा सरकारी अधिकारी र सुरक्षाकर्मीहरू समेत संलग्न भएको भन्दै आलोचना भइरहेको छ। र, एक स्रोतले दावी गरे अनुसार एक चीन नीतिप्रति प्रतिबद्धता जनाउँदै आएको नेपालले पछिल्ला दिनमा चीन विरोधी तत्वलाई संरक्षण दिएको भन्दै कुटनीतिक माध्यमबाट असन्तुष्टी जनाएको छ। यस पृष्ठभूमिमा नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षालाई केन्द्रमा राख्नेभन्दा पनि शक्तिकेन्द्रको को नजिक हुने, कसले कसलाई रिजाउने भन्ने खालको ध्रुवीकरणले नेपालको अस्तित्वमाथि नै थप संकट उत्पन्न गराउनेछ। तसर्थ, देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता केन्द्रित दृष्टिकोणको निर्माण र विस्तार गर्न सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरूले योजनाबद्ध पहल लिन जरुरी छ।

परिवर्तनको सम्वाहक

मूलबाटो

मुख्य पृष्ठ | समाचार | विचार | कुराकानी | साहित्य | प्रवास | खेलजगत | प्रविधि | सिने जगत | पर्यटन | ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ।

www.moolbato.com

# नेपालमा बढ्दो अन्तर्राष्ट्रिय हस्तक्षेपलाई केलाएर हेर्दा

**नेपाल चीन सम्बन्ध सधैं संवेदनशील, रणनीतिक र सन्तुलित साझेदारीको रूपमा विकसित हुँदैआएको छ। एक चीन नीति नेपालले औपचारिकरूपमा मानेको छ। तर पछिल्लो समयमा खासगरी ०६३ को राजनीतिक परिवर्तनपछि नेपालको शासन सत्तामा आएकाहरूले चीनलाई नेपालबाट एक्ल्याउने प्रयास गरेका कारण पछिल्लो समयमा कतिपय दरारहरू पनि देखिन थालेका छन्। हालैमात्र जोनाङ ग्यालछाब रिन्पोछे नामक तिब्बती धर्मगुरुको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खुला, सार्वजनिकरूपमा ठूलो सम्मानसहित स्वागत गरिएको फोटो, भिडीयो र सामाजिक सञ्जालमार्फत प्रसारित भएपछि चीन नेपालप्रति नाराज भएको देखिएको छ।**



● डा. केशव देवकोटा ●

नेपालको आन्तरिक राजनीति अत्यन्त तरल भएको छभने नेपालका बारेमा अन्तराष्ट्रिय षडयन्त्रहरू पनि बढेर गएको देखिएको छ। कतिपयले त आन्तरिक र बाह्य गतिबिधिलाई जोडेर नेपालको अस्थित्वमाथि नै बिभिन्न किसिमका प्रश्नहरू उठाउन थालेका छन्। पछिल्ला बिभिन्न घटनाहरूलाई हेर्दा नेपालका आन्तरिक मामिलामा विदेशी हस्तक्षेप, अन्तर्राष्ट्रिय संगठनहरूको भूमिका, र नेपालका प्रमुख राजनैतिक र कूटनीतिक सन्दर्भहरू पेचिलो बन्दै गएको देखिएको छ। जसकाबारेमा बौद्धिक क्षेत्रमा गहन बहसहरू हुनु आजको प्रमुख आवश्यकता भएको छ। नेपालमा यतिबेला छिमेकी चीन र भारतकासाथै सात समुन्द्र पारीको अमेरिकाको चासो बढेर गएको देखिन्छ। यस लेखमा नेपालमा बढ्दो अन्तराष्ट्रिय हस्तक्षेप र नेपालले ध्यान दिनुपर्ने कुराहरूका बारेमा बेलाउने प्रयास गरिएको छ। नेपालमा सदिऔं देखिको भारतीय हस्तक्षेप कायमै छभने भारतमार्फतनै अमेरिका लगायतका पश्चिमा राष्ट्रहरूको नेपालमा चासो बढेको देखिको छ। शुरुमा भारतले नेपालमा आफ्नो हस्तक्षेपलाई मजबुत बनाउनका लागि पश्चिमा राष्ट्रको सहारा लिएको थियोभने हाल नेपालमा बढ्दो पश्चिमा राष्ट्रको दबदबाले आफ्नो मुलुकमासमेत असरगर्न थालेपछि नेपालको पश्चिमा प्रभाव घटाउन/हटाउन चीनसँग सहमति कायम गरेको देखिएको छ। नेपाल र भारत बीचको सीमा विवादको इतिहास लामो छ। पछिल्लो समयमा नेपालले दार्चुलाका लिपुलेक र लिम्पियाधुरालगायतका केही भूभागमाथि दाबीगर्दै नयाँ राजनीतिक नक्सा जारीगरेपछि भारतीय सरकारलाई विरोध चर्काउने माध्यम बनेको छ। भारतले नेपालको उपरोक्त दाबीलाई अस्वीकार गरेको छभने त्यसलाई भारतको प्रादेशिक एकता र अखण्डतामा हस्तक्षेपकोरूपमा लिएको देखिन्छ। नेपालले भारतसँग सम्वाद र कूटनीतिक उपायहरूको माध्यमबाट उक्त विवादको समाधान खोज्न माग गरेपनि भारतले इन्कार गर्दैआएको छ।

नेपाल र भारतबीचको सीमा विवादको आरम्भ भारतको औपनिवेशिक कालबाटनै भएको हो। सन् १८१६ मा ब्रिटिश ईष्ट इण्डिया कम्पनी र नेपाल बीच सुगौली सन्धि भएपछि बिवादले जरो गाडेको हो। सो सन्धीका कारण नेपालले आफ्नो ठूलो भूभाग भारतलाई सुम्पिनु परेको थियो। पछिल्ला दिनमा कालापानी नेपाल र भारतबीचको प्रमुख सीमा विवादको बिन्दु बनेको छ। सो क्षेत्र भारतीय राज्य उत्तराखण्डको पिथौरागढ़ जिल्ला निकट रहेको छ। लिम्पियाधुरा क्षेत्र पनि नेपालको उत्तरी सीमा विवादमा जोडिएको छ। यो क्षेत्र विशेषगरी सन्धि र ऐतिहासिक मान्यतामा विवादित छ। लिपुलेक मार्ग भारतले चीनसँगको सीमा जोड्ने व्यापारिक मार्गकारूपमा प्रयोग गरेपछि नेपालका बिरुद्ध चीनसमेत जोडिन पुगेको छ। नेपालले यसलाई आफ्नो भूभागको उल्लंघन मान्दै विरोध गरेपनि कुटनीतिक माध्यमबाट अन्तराष्ट्रिय क्षेत्रलाई जानकारी गराउन पनि सकेको छैनभने समर्थन लिन पनि सकेको छैन। नेपाल र भारतबीचको सीमा विवाद समाधानको लागि बिभिन्न मितिमा बिभिन्न कूटनीतिक प्रयासहरू गरिएपनि त्यसलाई निष्कर्षमा पुर्‍याउन नसकेको अवस्था छ। नेपाल र भारत बीचको सीमा विवादले नेपालको सामाजिक, आर्थिक र राजनीतिक सम्बन्धमासमेत ठूलो असर गरेको छ। भारतले नेपाललाई ऐतिहासिकरूपमा आफ्नो सुरक्षा र प्रभाव क्षेत्रको अभिन्न अंग ठान्ने गरेको छ। खुला सीमा,सांस्कृतिक सम्बन्ध, आर्थिक निर्भरता र राजनीतिक सम्पर्कका कारण भारतको प्रभाव नेपालमा संरचनात्मकरूपमा बढेर गएको देखिएको छ। भारतको दृष्टिमा नेपाल केवल छिमेकी नभएर उसको उत्तरतर्फको सुरक्षा घेराको एउटा संवेदनशील कडीभन्ने रहेको देखिन्छ। त्यसैले नेपालमा हुने राजनीतिक परिवर्तन, सरकार गठन र विदेश नीति भारतका लागि सधैँ चासोको विषय रहँदैआएको छ। जसले पछिल्ला संकटहरूको सिर्जना गरेको छ।

त्यसैगरी नेपाल चीन सम्बन्ध सधैं संवेदनशील, रणनीतिक र सन्तुलित साझेदारीको रूपमा विकसित हुँदैआएको छ। एक चीन नीति नेपालले औपचारिकरूपमा मानेको छ। तर पछिल्लो समयमा खासगरी ०६३ को राजनीतिक परिवर्तनपछि नेपालको शासन सत्तामा आएकाहरूले चीनलाई नेपालबाट एक्ल्याउने प्रयास गरेका कारण पछिल्लो समयमा कतिपय दरारहरू पनि देखिन थालेका छन्। हालैमात्र जोनाङ ग्यालछाब रिन्पोछे नामक तिब्बती धर्मगुरुको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खुला, सार्वजनिकरूपमा ठूलो सम्मानसहित स्वागत गरिएको फोटो, भिडीयो र सामाजिक सञ्जालमार्फत प्रसारित भएपछि चीन नेपालप्रति नाराज भएको देखिएको छ। यसै समयमा दलाइ लामा निकट रहेका केही नेपाली सञ्चार माध्यमले छद्म नामबाट लेख प्रकाशित गरेर चीन र नेपालकाबीचमा कटुता रहेको देखाउने प्रयास गरेका छन्। तर नेपालको शासन सत्तामा रहेकाहरूले त्यसप्रति खासै ध्यान नदिएको देखिएको छ। नेपाल र चीनबीचको परम्परागत सम्बन्ध राजनीतिक, आर्थिक तथा कूटनीतिक अनुशासनमा आधारित रहेको छ। जहाँ चीनले नेपाललाई एक चीन नीति पालनगर्ने कुरामा स्पष्ट अपेक्षा राखेको छ। एक चीन नीति अन्तर्गत, चीनको दावी तिब्बत चीनको अविछिन्न भाग हो र यसको आधिकारिक कूटनीति एक राष्ट्र, एक सरकार भन्ने सिद्धान्तमा आधारित छ। नेपालले औपचारिकरूपमा यसलाई अपनाएको छ र यसका लागि समयसमयमा औपचारिक घोषणाहरू पनि जारी गरेको छ।


चीनसँगको यो नजिकको सम्बन्ध नेपालले भौगोलिक सीमाको साझा, आर्थिक साझेदारी र सुरक्षा सहयोगको कारणले विकास गरेको छ। चीनसँगको साझा सीमा र भारतसँगको त्रिकोणात्मक सम्बन्धले नेपाललाई सधैं द्वन्द्व र सन्तुलनको रणनीतिमा राखेको देखिन्छ। नेपाल र चीनबीच आर्थिक र कूटनीतिक सहयोग बढ्दैगएको छ। जसले भारतलाई एक किसिमको दबाब सिर्जना गरेको छभने अमेरिकालगायतका पश्चिमा राष्ट्रलाई चुनौती बढाएको छ। त्यसैगरी अमेरिका भौगोलिकरूपमा टाढा भए पनि नेपालप्रति उसको चासो बैचारिक, रणनीतिक र संस्थागत रहेको पाइन्छ। लोकतन्त्र, मानवअधिकार, नागरिक समाज, गैरसरकारी संस्था, विकास सहायता, सुरक्षा तालिम र इन्डोप्यासिफिक रणनीतिका माध्यमबाट अमेरिकाले नेपालमा आफ्नो प्रभाव विस्तारगर्ने प्रयास गरेको देखिन्छ। नेपालको संघीयता र ०७२ को संविधानलाई लागूगर्ने प्रक्रियामा, कतिपय अन्तर्राष्ट्रिय संगठनहरूले नेपाललाई सहयोग र मार्गदर्शन दिएको देखिएको छ। नेपालको संघीय शासन टिकाउन अमेरिकाले बार्षिक बजेट छुट्याउने गरेको र यूरोपियन यूनियनले ठूलो धनराषि ऋण लगानी गरेको घटनाले धेरै कुराहरूको खुलाशा गरेका छन्।

नेपालमा ०७२ को संविधानमार्फत लागूगराइएको संघीयता, जातीय समाबेशी, समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली लगायतका कुराहरू नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा सधै अस्तब्यस्त बनाईराख्न मुख्य हतियार साबित भएका छन्। गत भदौ २३ र २४ को घटनामा देखिएको अमेरिकी संलग्नताले त नेपाललाई गंभिर बन्न बाध्य गराएको छ। ०७२ को संविधानमार्फत संघीय शासन प्रणाली कार्यान्वयन भएपछि संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, श्रोत र जिम्मेवारी बाँडफाँडको बिषयमा गंभिर बिवादहरूको सिर्जना भएको छ। त्यसैगरी एशियाली विकास बैंक र विश्व बैंकलगायतका अन्तराष्ट्रिय संस्थाहरूको लगानी नेपालमा विदेशी हस्तक्षेप बढाउन सहायक भएका छन्। त्यसैगरी नेपालमा मानव अधिकार र लोकतन्त्रका कुराहरू पनि विदेशी हस्तक्षेप बढाउन मुख्य माध्यम बन्ने गरेका छन्। लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, प्रेस स्वतन्त्रता, र मानव अधिकारको सम्मानका लागिभन्दै नेपालमा विदेशी रकम आउने गरेको देखिएको छ। नेपालमा लोकतान्त्रिक प्रक्रियाको सुधारका नाममा युरोपियन संघ र अमेरिकाले गरेको समर्थनले पनि धेरै कुराहरू स्पष्ट भएका छन्।

यसरी नेपालमा विदेशी हस्तक्षेपको विषय संवेदनशील र जटिल छ र यसले नेपालको आन्तरिक राजनीतिलाई नकारात्मक असर पुर्‍याएको स्पष्ट छ। विशेषगरी पश्चिमी देशहरू जस्तै अमेरिका र यूरोपीय संघले नेपालको लोकतान्त्रिक विकास र मानव अधिकारको प्रगतिको लागि समर्थन र दबाब दिनेगरेको देखिएको छ। जुन स्वार्थपूर्ण सहयोग रहेको बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन्। बिभिन्न विदेशी कूटनीतिक प्रयासहरूले नेपालमा राजनीतिक स्थिरता र सरकारको गठनमा हस्तक्षेपकारी भूमिका खेल्नेगरेको स्पष्ट छ। नेपालमा बाह्य हस्तक्षेपलाई भारत र चीनसँगको कूटनीतिक सम्बन्ध, ०७२ को संविधान र संघीयताको कार्यान्वयन, मानव अधिकार र लोकतन्त्रका मामिलामा लगायतको सेरोफेरोमा हेरिनुपर्ने अवस्था छ। नेपालले स्वदेशी राजनीतिक ब्यवस्था र आर्थिकरूपले आत्मनिर्भरताको बाटो नअंगालेसम्म विदेशी हस्तक्षेप रोकिने देखिँदैन। यो आजका सन्दर्भमा बिचारणिय कुरा हो।

# संयुक्त संघर्ष समिति भक्तपुरले नेता खड्काको रिहाइको माग गर्दै बुझायो ज्ञापन पत्र





...ननीय प्रधानमन्त्री ज्यू,
...मन्त्रीको कार्यालय,
...दरबार, काठमाण्डौ।

...र्फत्
...ख जिल्ला अधिकारी
भक्तपुर

विषय : रिहाइबारे


महोदय,
उपरोक्त सम्बन्धमा, यही २०८२ माघ १६ गते संयुक्त सङ्घर्ष समितिको नीति अनुसार आगामी संसदीय निर्वाचन बहिष्कारको प्रचार प्रसार गरी घर फर्कने क्रममा सिन्धुलीको दुधौलीबाट प्रहरी प्रशासनद्वारा गिरफ्तार गरिनु भएका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय समिति सदस्य पूर्ण बहादुर खड्का अहिलेसम्म पनि प्रहरी हिरासतमा हुनुहुन्छ। नागरिकको शान्तिपूर्ण ढङ्गले आफ्नो मत जनताका बीचमा राख्न पाउने नैसर्गिक लोकतान्त्रिक अधिकारको सम्मान गर्दै उहाँलाई बिनाशर्त र अविलम्ब रिहाइ गर्न सम्माननीय प्रधानमन्त्री समक्ष संयुक्त सङ्घर्ष समिति भक्तपुर यो ज्ञापनपत्र पेश गर्दछ।

निवेदक
संयुक्त सङ्घर्ष समिति, भक्तपुर

| हस्ताक्षर | पार्टी प्रतिनिधिको नाम | पार्टीको नाम |
|---|---|---|
| [signature] | पदम लामा संयोजक | क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल |
| [signature] | बीजर सिंह नेपाली | ... (बहुमत) |
| [signature] | कृष्ण बयलकोटी | ...निक समाजवादी पार्टी, नेपाल |

काठमाडौं। संयुक्त संघर्ष समिति भक्तपुरले क्रन्तिकारी कम्युनिस्ट पार्टीका केन्द्रीय समिति सदस्य पूर्ण बहादुर खड्काको रिहाइको माग गर्दै भक्तपुर जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीको कार्यलयको लागि ज्ञापन बुझाएको छ।

# राजनीतिक अर्थशास्त्र : स्कुलिङ नोट– १


● इन्द्रमोहन सिंग्देल 'वसन्त' ●

राजनीति र अर्थतन्त्र परस्पर सम्बन्धित छन् । अर्थतन्त्र आधार हो र राजनीति यसैमा उभिएको हुन्छ । मार्क्सवादी राजनीतिको काम श्रमजीवी वर्गलाई सम्पत्तिको मालिक बनाउन अर्थतन्त्रलाई व्यवस्थित गर्ने हो । हामी कम्युनिस्टका लागि अर्थशास्त्र अध्ययनको एउटा महत्वपूर्ण विषय हो । कम्युनिस्ट पार्टीका सबै सदस्यहरूमा अर्थशास्त्रको आधारभूत ज्ञान हुनु आवश्यक छ । यसले स्कूलिङ्गको महत्व दर्शाउँछ ।

***अर्थशास्त्र र अर्थतन्त्र शब्दको उत्पत्ति***

आजभन्दा करिव २५०० वर्षभन्दा पहिले देखिनै अर्थशास्त्र भन्ने शब्द प्रयोग हुँदै आएको छ । अर्थशास्त्र (भ्अयलफष्अक) प्राचीन ग्रीक शब्द "ओइकोनोमोस" (इष्पय लफयक) (घर गृहस्थीको नियम) र अर्थतन्त्र (भ्अयलफथ) प्राचीन ग्रीक शब्द "इष्पयलफष्ब" बाट आएको हो । यसको शाब्दिक अर्थ "घरपरिवार व्यवस्थापन गर्ने कार्य" हुन्छ । फ्रान्सेली व्यापारीहरूले सार्वजनिक प्रशासनसँग सम्बन्धित मामिलाहरूका लागि "अर्थव्यवस्था राजनीति" वा राजनीतिक अर्थतन्त्र भन्ने पदावली प्रयोग गरे ।

***प्रचीन अर्थशास्त्रीय विचारकहरू***

प्लेटो (४२७-३४७ ई.पू.)

सम्पत्ति र शासन : प्रत्येक वर्गका मानिसहरूका लागि प्लेटोले आदर्श सम्पत्ति व्यवस्थाको सुझाव दिएका थिए । किसान र कारिगरहरूलाई मात्र नाफाको लागि काम गर्न अनुमति दिइएको थियो र तिनले सम्पत्ति जम्मा गर्न सक्थे । त्यतिबेला शासक र सहायक कर्मचारीहरूलाई सम्पत्ति जम्मा गर्ने अधिकार थिएन ।

***अरस्तु (३८४-३२२ ई.पू.)***

उनले आर्थिक समस्यालाई राजनीतिक दृष्टिकोणबाट हेर्दथे । सामुदायिक सम्पत्तिले विवाद निम्त्याउँछ भन्ने तर्कका आधारमा उनले निजी सम्पत्तिको पक्षपोषण गर्दथे । अरस्तुले अर्थतन्त्रलाई दुई भागमा विभाजन गरेका थिए । एक, प्राकृतिक अर्थतन्त्र वा घरायसी व्यवस्थापन र दुई, कृत्रिम वा धन प्राप्त गर्ने अर्थतन्त्र । उनले व्यापारिक कारोबारलाई सहज बनाउन पैसा प्रयोगमा ल्याएको बताए । उनले उपयोग मूल्य र विनिमय मूल्यको अवधारणा अगाडि सारे ।

***कौटिल्य (३१७-२९३ इ.पू)***

कौटिल्यको नाम विष्णु गुप्त थियो । कूटनीति र राजनीतिक रणनीतिमा विज्ञ भएकाले उनलाई कौटिल्यको नामले चिनिन्छ । उनी चन्द्रगुप्त मौर्यका मुख्यमन्त्री थिए । कौटिल्यले आफ्नो ग्रन्थ अर्थशास्त्रमा राजा, मन्त्री र सरकारी अधिकारीहरूको प्रशासनिक कार्यविधिको स्पष्ट वर्णन गरेका छन् । यस ग्रन्थमा अर्थशास्त्रको सिद्धान्त र अभ्यासका प्रायः सबै पक्षलाई समेटिएको छ ।

उनले राष्ट्रिय अर्थतन्त्रको विज्ञानलाई वार्ता भनेका छन् । यसमा कृषि, पशुपालन र व्यापार समावेश छन् । प्राचीन भारतमा, परिवारका सदस्यहरूको सन्तुष्टिको लागि, संचय गर्न होइन, आवश्यक हुने मात्र धन कमाउन व्यक्तिहरू स्वतन्त्र थिए । उनको पुस्तकमा कल्याणकारी राज्यको बारेमा प्रशस्त विचारहरू समेटिएका छन् ।

***मध्ययुगीन अर्थशास्त्रीहरू***

***सन्त थोमस अक्विना (१२२५-१२७४)***

सन्त थोमस अक्विना अरस्तुका समर्थक मानिन्छन् । उनले आर्थिक आवश्यकता परिपूर्ति गर्नका लागि व्यापारलाई उचित ठहऱ्याए । उनले व्यापारीहरूले समाज सेवा गर्ने हुनाले उनीहरूलाई केही नाफा हुनुपर्छ भन्दथे । व्यापारीले आफ्नो श्रमबाट मालमा नयाँ मूल्य जोड्ने गर्दछ भन्ने उनको बुझाइ थियो । यसले मालको मूल्य निर्माणमा श्रमको भूमिका हुन्छ भन्ने मान्यता उद्घाटित गऱ्यो । तर उनले व्यापारीहरूले गर्ने ब्याजखोरी र शोषणको विरोध गर्दथे ।

***इब्न-खल्दुन (१३३२-१४०६)***

इब्न खल्दुन त्यति बेला ट्यूनिसियाका प्रतिभाशाली अर्थशास्त्री थिए । उनको विचारमा मानव श्रम नै वस्तुको मूल्यको आधार हो । उनले विभिन्न देशमा मालको मूल्य फरक-फरक हुनु ती देशमा माल उत्पादन गर्न लाग्ने श्रमको मूल्य फरक भएर हो भने । यसैका आधारमा आदम स्मिथ र डेभिड रिकार्डोहरूले मूल्यको श्रम सिद्धान्त (बिदयगच तजभयचथ या खबगिभ) प्रतिपादन गरेको देखिन्छ । उनले ठुलाबडाको सम्पत्तिको आधार श्रमिकहरूको अदत्त श्रम (ग्लउबष्म बिदयगच)को मूल्य हो भनेका छन् । यस भनाइमा मार्क्सद्वारा प्रतिपादित अतिरिक्त मूल्यको आभास पाइन्छ ।

राजनीतिक अर्थशास्त्रले राजनीतिलाई अर्थतन्त्रले र अर्थतन्त्रले राजनीतिलाई कसरी असर गर्छ भन्ने अध्ययन गर्छ । राजनीतिक दलहरू सत्तामा आउँदा र छाड्दा, आर्थिक नीति प्रायः सत्तामा रहेका दलको विचार र लक्ष्यअनुसार देशमा फेरबदल हुन्छ ।

***राजनीतिक अर्थशास्त्र***

राजनीतिक अर्थशास्त्र सामाजिक विज्ञानको एउटा महत्वपूर्ण शाखा हो । यो व्यक्ति, सरकार र सार्वजनिक नीतिको अन्तरसम्बन्धमा आधारित छ । राजनीतिक अर्थशास्त्रीहरूले संसारमा पुँजीवाद, समाजवाद र साम्यवाद जस्ता आर्थिक सिद्धान्तहरूले कसरी काम गर्छन् भन्ने अध्ययन गर्छन् । आर्थिक सिद्धान्त भनेको वस्तुको उत्पादन तथा वितरणलाई निर्देशित गर्ने माध्यम हो जसले मानिसहरूको ठुलो संख्यालाई फाइदा पुऱ्याउँछ ।

***मार्क्सवादी राजनीतिक अर्थशास्त्रको पूर्वाधार :***

***क) काल्पनिक समाजवादी धारा***

***थोमस मूर (१४४८-१५३५)***

थोमस मुर एकजना बेलायती अर्थ-राजनीतिक विचारक र पुँजीवादका कट्टर आलोचक थिए । उनले बहुसंख्यक व्यक्तिले सिर्जना गरेको सम्पत्ति सिमित व्यक्तिका हातमा रहुन्जेल समानता र सामाजिक न्याय नहुने उनको मान्यता थियो । उनले यो कुरा युटोपिया नामक पुस्तकबाट सार्वजनिक गरेका हुन् । उनले सामुहिक श्रम र सामुहिक स्वामित्वमा आधारित समाजवादी समाजको कल्पना गरेका थिए । सामुहिक रूपमा उत्पादित सम्पत्तिको स्वामित्व पनि सामुहिक नै हुनुपर्दछ भन्ने उनको मान्यता थियो ।

जोहन मेल्यु (१६६४-१७२९) फ्रेन्च समाजवादी विचारक हुन् । उनले पतनोन्मुख सामन्ती व्यवस्थाको कडा शब्दमा विरोध गरे । उनले सामन्ती व्यवस्थालाई बदल्नका लागि क्रान्तिको आवश्यकता औंल्याए । तर उनी क्रान्तिपछि निर्माण हुने आर्थिक सामाजिक ढाँचाबारे प्रस्ट थिएनन् ।

सेन्ट सिमोन (१७६०-१८२५) फ्रेन्च समाजवादी सिद्धान्तकार थिए । उनले परिकल्पना गरेको समाजवादी समाज अन्तर्गत स्वतन्त्र संघ निर्माण गर्नका लागि मानवीय प्रतिभा र भौतिक आवश्यकता केन्द्रीय विषय थिए । उनले समाजवादी समाजमा एउटा स्वतन्त्र संघ निर्माण गर्नुपर्ने मान्यता राख्दथे । त्यस्तो समाजमा प्रत्येक व्यक्तिले आफ्नो क्षमता अनुसार काम र काम अनुसारको पारिश्रमिक पाउने व्यवस्था गर्नु पर्ने उनको विचार थियो ।

रोवर्ट ओवेन (सन् १७७१-१८५८) अर्का एकजना प्रख्यात समाजवादी चिन्तक थिए । उनी पुँजीवादका कट्टर विरोधी बेलायती नागरिक हुन् । उनको विचारमा निजी सम्पत्ति नै समाज विकासको प्रमुख अवरोध हो । उनी मजदुर आन्दोलनमा आफै सहभागी हुन्थे । सामाजिक न्याय तथा प्रगतिका निमित्त सामूहिक उत्पादन र सामूहिक स्वामित्व हुनुपर्ने उनको मान्यता थियो ।

चार्ल्स फुरिए (सन् १७७२-१८५८) पुँजीवादका कट्टर विरोधी एकजना फ्रेन्च समाजवादी विचारक थिए । उनी त्यति बेलाका काल्पनिक समाजवादीहरू मध्येका एक हुन् । उनका विचारहरूले समाजवादी आन्दोलनमा महत्वपूर्ण भुमिका खेलेका थिए । ती मध्ये अमेरिकाको ओहियो, टेक्सास, न्युजर्सी आदि प्रदेशहरूमा उनको विचारमा आधारित समाजवादी समुदायहरूको निर्माण महत्वपूर्ण रहेका छन् ।

***ख) मार्क्सपूर्वका आर्थिक चिन्तकहरू***

एडम स्मिथ (१७२३-१७९०) आधुनिक राजनीतिक अर्थशास्त्रका जन्मदाता मानिन्छन् । उनले अर्थशास्त्रलाई सम्पत्तिको विज्ञान हो भनेका छन् । आदम स्मिथका अनुसार कुनै पनि मालको मूल्य त्यही माल उत्पादन गर्न लाग्ने आवश्यक श्रमको मूल्य हो । उनले माल, श्रम विभाजन र पुँजीको विश्लेषण गरे । उनले पुँजीपतिहरूको नाफा मजदुरहरूको श्रमद्वारा उत्पादित मूल्यको एउटा हिस्सा हो भने । तर उनले यसको विस्तृत विश्लेषण गर्न सकेनन् । मालको मूल्य (खबगिभ) र बजारमा त्यसको मोलको भिन्नता छुट्याउन उनी असमर्थ रहे । मूल्यको श्रम सिद्धान्त राजनीतिक अर्थशास्त्रमा उनको महत्वपूर्ण योगदान रहेको छ ।

डेभिड रिकार्डो (१७७२-१८२३) एकजना शास्त्रीय अर्थशास्त्री थिए । उनी ज्याला र नाफा, मूल्यको श्रम सिद्धान्त र भाडा (च्भलत) को सिद्धान्तका लागि प्रख्यात छ्न् । उनले १८१७ मा "राजनीतिक अर्थशास्त्रको सिद्धान्त र कर प्रणाली" नामक रचना प्रकाशित गरे । यसले उनलाई विख्यात अर्थशास्त्रीको रूपमा चिनाउने काम गऱ्यो । उनका अनुसार कुनै मालको मूल्य त्यो माल उत्पादनका लागि लाग्ने आवश्यक श्रम-कालद्धारा निश्चित गरिन्छ । उनको योगदानले अतिरिक्त मूल्यको खोज गर्नका लागि बलियो आधार तयार गरको थियो । रिकार्डोले पनि मूल्य र दाम (खबगिभ बलम एचष्अभ) का बीचको फरक छुट्याउन सकेनन् ।

थोमस माल्थस (१७६६-१८४३) एकजना बेलायती अर्थशास्त्री थिए । उनको राजनीतिक अर्थशास्त्र र जनसंख्या सिद्धान्तमा महत्वपूर्ण योगदान रहेको छ । उनले जनसंख्या सिद्धान्तबारे एक निबन्ध (ब्ल भ्ककबथ यल तजभ उचष्लअष्उभि या उयउगबितष्यल) नामको पुस्तक लेखेका छन् । त्यसमा जनसंख्याको वृद्धि ज्यामितीय र खाद्यान्न उत्पादनको वृद्धि अंकगणितीय ढंगले बढने कुरा बताए । यस सिद्धान्तका अनुसार उत्पादन कम र जनसंख्या धेरै भइरहने हुनाले उत्पादन र जनसंख्यामा सन्तुलन कायम गर्नका निमित्त समाजमा महामारी तथा युद्ध भइरहन्छ भन्ने कुरामा जोड दिए ।

***राजनीतिक अर्थतन्त्रको सिद्धान्तमा महत्वपूर्ण क्रान्ति***

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा भएको उपरोक्त पूर्वाधारको गहन आलोचनात्मक अध्ययनका बीचबाट कार्ल मार्क्स (ज्ञडज्ञड-ज्ञडडघ)ले एउटा युगान्तकारी महत्वको वैचारिक क्रान्ति गरे । उनले पुँजीवादी समाजमा हुने नाफा, ब्याज तथा भाडामा अन्तरनिहीत कारणहरूको खोजी गरे । उनले श्रमजीवीहरूको अतिरिक्त श्रमको मूल्य नै पुँजीपति वर्गको आम्दानीको आधार हो भन्ने कुरा औंल्याए । यसै क्रममा उनले मूल्य र दामका बीच पैदाहुने अन्तर्विरोधको पनि हल गरे । उनले वस्तुको उपयोग मूल्य र विनिमय मूल्यका बीच पैदा हुने अन्तर्विरोधको कारण पनि पत्ता लगाए ।

कार्लमार्क्स र फ्रेडरिक एंगेल्स (१८२०-१८९५)ले शास्त्रीय जर्मन दर्शन, फ्रेन्च काल्पनिक समाजवाद र बेलायती पुँजीवादी अर्थशास्त्रको आद्योपान्त आलोचनात्मक अध्ययनका बीचबाट मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादको विकास गरे । यसै क्रममा उनीहरूले समाज विकासको ऐतिहासिक भौतिकवादी अवधारणा अगाडि सारे । राज्यसत्ता, वर्गीय अधिनायकत्व र सर्वहारा वर्गको मुक्तिको एकमात्र बाटोको रूपमा सर्वहारा क्रान्ति र सर्वहारा अधिनायकत्वको सिद्धान्त आविष्कार गरे । यो दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको एकमुष्ट विकास थियो । तर, यहाँ हामी मुख्यतः राजनीतिक अर्थशास्त्रबारे अध्ययन गर्ने छौं ।

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा मार्क्सको पहिलो महत्वपूर्ण प्रकाशन १८४३ मा लिखित राजनीतिक अर्थशास्त्रको आलोचनाको रूपरेखा (Outlines of a critique of political Economy) हो । यो १८४४ मा प्रकाशित भएको थियो । उनको १८५९मा प्रकाशित राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदान (ब ऋयलतचष्दगतष्यल तय तजभ ऋचष्तष्ृगभ या एयष्तिष्अबा भ्अयलफथ) भन्ने कृतिमा यस बारे चर्चा गरिएको छ । यी रचना मार्क्सीय राजनीतिक अर्थशास्त्रका आधारशीला मानिन्छन् । अर्थात् मार्क्सद्वारा लिखित पुँजीका ४ ठेलीहरू यिनैको जगमा उभिएका छन् । यी कृतिहरू पुँजीवादी उत्पादन प्रणालीको आलोचनात्मक अध्ययनमा केन्द्रित छन् । ती मध्ये पहिलोले पुँजी उत्पादनको अधयनन गरेको छ, दोस्रोले पुँजी परिचालनको प्रकृयाको जाँच पड्ताल गरेको छ, तेस्रोले सम्पूर्ण पुँजिवादी उत्पादनको विश्लेषण गरेको छ र चौथोले "अतिरिक्त मूल्यको सिद्धान्त" को व्याख्या गरेको छ । अतिरिक्त मूल्यको सिद्धान्त यस्तो सिद्धान्त हो जसले पुँजीवादलाई गंभीर चुनौती दिएको छ । यो सर्वहारा वर्गको मुक्तिको बलियो हतियार बनेको छ । विश्वको कुनै अर्थशास्त्रीले पनि आजसम्म यसमाथि प्रश्न उठाउने हिम्मत गरेको छैन । अतिरिक्त मूल्यको सिद्धान्तले मार्क्सवादी राजनीतिक अर्थशास्त्रलाई एउटा विज्ञान प्रमाणित गरेको छ ।

***मार्क्सपछि राजनीतिक अर्थशास्त्रमा विकास***

मार्क्सपछि राजनीतिक अर्थशास्त्रमा महत्यपूर्ण योगदान दिने विचारकहरूमा मूख्यतः लेनिन र माओ आउँछन् । रुसमा पुँजीवादको विकास नामक लेनिनको पुस्तकले रुसमा सर्वहारा क्रान्तिको मार्गदर्शन गरेको थियो । सन् १९१७मा प्रकाशित पुस्तक साम्राज्यवाद पुँजीवादको उच्चतम चरण (क्ष्उभचष्बष्कि, तजभ ज्ष्नजभकत क्तबनभ या ऋबउष्तबष्कि) भन्ने रचनाले साम्राज्यवादी युगमा पुँजीवादको गहनतम विश्लेषण गरेको छ । मार्क्सले एउटै मात्र देशमा समाजवादी क्रान्ति संभव छैन कम्तिमा पनि युरोपका धेरै विकसित देशहरूमा एकैसाथ क्रान्ति हुन अनिवार्य छ भनेका थिए । तर लेनिनले साम्राज्यवादको कडी कमजोर भएको एउटै देशमा पनि समाजवादी क्रान्ति संभव छ भने र त्यसको सच्चाइलाई अक्टोवर समाजवादी क्रान्तिको सफलताले पुष्टि पनि गरे । रुसमा समाजवादी क्रान्ति सम्पन्न भएपछिको युगलाई स्तालिनले साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग भनेका छन् । यो मान्यता आज पनि सही छ ।

माओले साम्राज्यवादी युगमा अर्ध-सामन्ती तथा अर्ध नव-औपनिवेशिक देशमा विकास हुने दलाल तथा नोकरशाही पुँजीवादको विश्लेषण गरेका छन् । उनले यस प्रकारको पुँजीवादको चरित्र प्रतिक्रियावादी हुने र पुँजीवादी जनवादी क्रान्तिको दुश्मन हुने कुरा बताएका छन् । यो साम्राज्यवादद्वारा बाँकी ७ पेजमा उत्पीडित देशहरूमा हुने क्रान्तिका सन्दर्भमा निकै महत्वपूर्ण योगदान हो । विशेषतः दोस्रो विश्वयुद्ध पछि विकसित नवउपनिवेशवाद अव हुने क्रान्तिका लागि एउटा गंभीर चुनौती बनेको छ । नेपाल पनि अन्य उत्पीडित देशहरू जस्तै नव उपनिवेशवाद र दलाल तथा नोकरशाही पुजीवादको चपेटामा परेको देश हो । नेपालमा क्रान्तिको विकासका लागि यसको गहिरो विश्लेषण र तदनुसारको सही कार्यदिशाको विकास गर्नु पर्दछ ।

# वर्तमान राष्ट्रिय राजनीतिक अवस्था, घोषित निर्वाचन र समस्या समाधानको प्रश्न


● केदार खतिवडा ●

नेपालको राजनीतिक इतिहास शोषण, उत्पीडन, दमन र जनआन्दोलनको निरन्तर यात्रा हो । राणा शासनको अन्त्य गर्दै २००७ सालको परिवर्तन, २०१५ को पहिलो संसदीय निर्वाचनको अभ्यास, २०१७ सालको पञ्चायती निरंकुशताको थालनी पछि २०२८ सालको झापा आन्दोलन, २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रह २०४६ सालको जनआन्दोलन, २०५२ सालदेखी चलेको महान जनयुद्ध र २०६२/०६३ को जनआन्दोलन पछि राजसंस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यद्यपी पञ्चायती व्यवस्थाको अन्त्य तथा राजतन्त्रको अन्त्यपछि केहि राजनीतिक परिवर्तन भएतापनि नेपालमा शोषणबाट मुक्त राष्ट्रिय स्वाधीनता र जनताको हित गर्ने राज्य संरचना निर्माण हुन सकेन ।

१०वर्ष सम्म चलेको महान जनयुद्ध र ०६२/०६३ को ऐतिहासिक जनाआन्दोलनले सामन्ती राजतन्त्रलाई उखेल्यो, गणतन्त्रको ढोका खोल्यो तर जनताको साँचो सत्ताको मार्ग अझै अधुरो रह्यो । आज स्थापना भएको लोकतान्त्रिक गणतन्त्र यतिबेला वस्तुतः दलाल संसदीय व्यवस्थामा रूपान्तरित भएको छ । जहाँ निर्णय जनताबाट होइन, दलाल पुँजीपति वर्ग, विदेशी एजेन्ट र सत्ताधारी सिण्डीकेटबाट तय हुन्छ । तब जनताका आधारभूत प्रश्नहरू आर्थिक समानता, राष्ट्रिय स्वाधीनता, सुशासन, भ्रष्टाचार नियन्त्रण, उत्पादनमूलक अर्थतन्त्र, वर्गीय न्याय आदी समाधान हुन सक्तैनन् । यथार्थमा नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक विशेषतासहित नवऔपनिवेशिक अवस्थाबाट मुक्त हुन सकेको छैन ।

दश वर्षको जनयुद्धले ल्याएको वैचारीक उथलपुथल र वर्गीय-चेतनाको प्रभाव सहितको जनआन्दोलन केवल राजतन्त्रको अन्त्य गर्ने मात्र थिएन । यसले राज्य संरचनाको आमुल परिवर्तन गर्ने जनचाहना बोकेको थियो । जनताको चाहना संसद पुनः स्थापनाको सिमित घेरामा थिएन उनीहरूको आकांक्षा पूर्ण लोकतान्त्रीक गणतन्त्र सामाजिक न्याय, संघियता, समावेशिता, धर्म निरपेक्षता र मजदुर किसानको सत्तामा प्रत्यक्ष सहभागीता थियो । जसलाई तत्कालीन सात राजनीतिक दलले संसद पुनर्स्थापना मार्फत धोका दिए । जनभावनालाई संविधान निर्माणको ढाल बनाउदै पुनः पुँजीवादी संसदीय दलाल संरचनाको स्थापना गरियो । जसले दलाल पुँजीवाद, केन्द्रिकृत राज्यसत्ता, सामन्तवाद, जातीय विभेद, लैंगिक असमानता, दलाल संसदीय प्रणाली र विदेशी प्रभुत्वको अन्त्यको अपेक्षा अपहरण गरि पुनः संसदीय संरचना स्थापीत गर्दै दलाल पुँजीपतिहरूको सत्ता सुनिश्चीत र विदेशी हस्तक्षेपलाई संस्थागत बनायो । जनताको दैनिक जीवन तथा राष्ट्रिय स्वाधिनता अझ संकट पर्दै गयो ।

प्रायोजित दोस्रो संविधान सभापछि २०७२ को संविधान मार्फत संस्थागत गरिएको संघीय लोकतान्त्रिक गणतन्त्र व्यवहारत दलाल संसदीय गणतान्त्रीक व्यवस्थामा रूपान्तरीत भईसकेको छ । यद्यपी यस व्यवस्थालाई समाजवाद उन्मुख भनेर जनतालाई भ्रम पार्न कसरत हुँदै आएको छ तर व्यवहारमा दलाल पुँजीवाद, नोकरशाही र विदेशी विस्तारवाद र साम्राज्यवादको अनुचर बनेको छ ।

नेपाल आज गहिरो राष्ट्रिय संकटको चरणमा प्रवेश गरेको छ । संस्थागत भ्रष्टाचार, कमजोर जनतन्त्र, परनिर्भर अर्थतन्त्र र सङ्कुचित राष्ट्रिय स्वाधीनता–यी सबै समस्याहरू एकअर्कासँग गाँसिएर देशलाई राजनीतिक, आर्थिक र सामाजिक रूपमा जर्जर बनाइरहेका छन् । राज्यका प्रायः सबै निकायहरूमा, मन्त्रालय, प्रशासनिक तथा स्थानीय तह, अड्डाअदालत, प्रहरी प्रशासन, सेना, विकास निर्माणका क्षेत्र - सबै ठाउँमा भ्रष्टाचार र घुसखोरी व्याप्त छ । सामान्य नागरिकले आफ्ना सामान्य काम गराउन समेत घुस दिन बाध्य हुनुपर्ने अवस्था सिर्जना भएको छ । भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो । तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ । भुटानी शरनार्थी काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्ड र यति एयर लाएन्स जग्गा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछ । नेपालमा भ्रष्टाचार संस्थागत रूपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ । भ्रष्टाचारले गर्दा नै देशका सम्पूर्ण विकास निर्माणका कामहरू जति हुनसक्थे त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गएको छ । देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो । तर विडम्वना, भ्रष्टाचार नियन्त्रण गर्न बनेको जेनजी आन्दोलन पछि बनेको कठपुतली सरकार समेत आफै घुस र कमिशनमा व्याप्त भइराखेको चर्चा सार्वजनिक भइरहेका छन् । नेपालमा भ्रष्टाचार संस्थागत भइरहेको यिनै तथ्यले पुष्टि गर्दछ ।

नेपालमा भ्रष्टाचारको जरो केबल राजनितिक दल वा मन्त्री-नेतृत्वमा मात्र सिमित छैन, यसको संरचनागत मूल थलो कर्मचारीतन्त्र पनि हो । सरकार जति फेरिए पनि स्थायी रूपमा राज्यसत्तामा जरा गाडेर बसेको कर्मचारीतन्त्र नै भ्रष्टाचारको निरन्तरता र संस्थागत विकासको प्रमुख संवाहक बनेको छ । ३० बर्षे पञ्चायती व्यवस्था होस या त्यसयता वनेका हरेक सरकारहरू परिवर्तन भए, अन्तत भ्रष्ट भएर गए । तर प्रशासक, सचिव, सह-सचिव, सुरक्षा निकायका शिर्ष अधिकारी र नियामक निकायका पदाधिकारीहरू प्रायः उहि रहे । तिनकै वरिपरी भ्रष्टाचारको स्थायी सन्जाल विकास भई नै रहयो । आज गम्भीर प्रश्न उठ्छ । विभिन्न समयमा । बाँकी ५ पेजमा

# विश्वकप आजदेखि सुरु, मुम्बईमा हुनेछ औपचारिक उद्घाटन



मुम्बई । मुम्बईस्थित आइकोनिक वाङ्खेडे स्टेडियम । जहाँ आईसीसी पुरुष टी २० विश्वकप २०२६ को औपचारिक सुरुवातको भएको घोषणा आज हुँदैछ ।

यही स्टेडियममा शनिबार साँझ संगित र खेलको मिश्रण देख्न पाइनेछ । वाङ्खेडे रंगशालमा सांगित माहोल हुनेछ आतिशवाजी हुनेछ र त्यससँगै औपचारिक रूपमा सुरु हुनेछ–आईसीसी पुरुष टी-२० विश्वकप २०२६ ।

जहाँ सह आयोजक भारतले समूह ए को खेलमा अमेरिकासँग खेल्नेछ । यो खेल नेपाली समय अनुसार साँझ ७ः१५ बजे सुरु हुनेछ । त्यसअघि उद्घाटन समारोहका कार्यक्रम हुनेछ ।

हुन त टी २० विश्वकपको खेलहरू शनिबार चाँडै सुरु भइसकेको छ । अर्को सह आयोजक श्रीलंकामा समूह 'ए' कै पाकिस्तान र नेदरल्यान्ड्सबीच पहिलो खेल सुरु भइसकेको छ । यस्तै समूह सी मा रहेको वेष्ट इन्डिज र स्कटल्याण्ड भारतको कोलकातास्थित एडेन गार्डेनमा दिउँसो प्रतिस्पर्धामा उत्रनेछन् ।

क्रिकेटको छोटो फर्म्याट टी-२० विश्वकपको इतिहास दुई दशक पूरा हुँदैछ भने पुरुष टी(२० विश्वकपको यो दशौं संस्करण हुनेछ । सन् २००७ मा भारतबाटै सुरु भएको टी-२० विश्वकप क्रिकेटले दुई दशक पूरा गर्दै गर्दाको ऐतिहासिक क्षणको साक्षी पनि वाङ्खेडे रंगशाला बन्नेछ । टी २० क्रिकेटलाई सबैभन्दा रोमाञ्चक, ग्ल्यामरस र अनुमान गर्न नसक्ने खेलको रूपमा हेरिन्छ । क्रिकेटको रोमाञ्चक ढाँचाको रूपमा यसलाई हेरिन्छ ।

भारत र श्रीलंकामा अबको एक महिना टी(२० विश्वकप क्रिकेटको माहोल हुनेछ । दुई दक्षिण एसियाली राष्ट्रमा सञ्चालन हुने यस विश्वकप क्रिकेट एक प्रतियोगिता मात्र क्रिकेटकै महाउत्सव पनि हो । जहाँ विश्वका उत्कृष्ट २० टिमले प्रतिस्पर्धा गर्नेछन् ।

२० दिन सम्म चल्ने यस प्रतियोगितामा कूल ५० खेल हुनेछ र २० टोलीबाट अन्तिममा एक टोली च्याम्पियन बन्नै टी२० विश्वकपको ट्रफी उठाउनेछ ।

***दक्षिण एसियामा विश्वकपको घरफिर्ती र विवादको छायाँ***

टी-२० विश्वकप पुनस् एकपटक दक्षिण एसियामा फर्किएको छ । तर दक्षिण एसियाकै केही राष्ट्रबीचको राजनीतिक र कुटनितिक टकरावको कारण टी(२० विश्वकपको माहोल भने छायाँमा परेको छ ।

बंगलादेश टी(२० विश्वकपबाट बहिर्गमन हुनु र पाकिस्तानले श्रीलंकामा हुने भारत विरुद्धको खेल बहिस्कार गर्ने घोषणा गर्नुले टी(२० विश्वकप सुरु हुनुअघि नै केही नमज्जा बनेको छ । खाने बेला सुरुमै किरकिर लागे जस्तो बनेको छ ।

दक्षिण एसियामा क्रिकेटको चर्को समर्थन छ । क्रिकेटका लागि पागल बन्नेहरू यहीँ छन । क्रिकेटको माहोलमा टी(२० विश्वकपको उत्साहले अझ रमाइलो बनाएपनि केही विवादले छायाँमा पारेको हो ।

बंगलादेशको अनुपस्थिति र पाकिस्तानले भारतविरुद्ध श्रीलंकामा हुने खेल बहिस्कार गर्नुपर्ने निर्णयले विश्वकपको सुरुआती दिनमै चर्चा क्रिकेटभन्दा बाहिर पनि पुगेको छ । तर मैदान बाहिर जे भएपनि जसले जे कुरा गरेपनि अन्तत क्रिकेटको पहिलो बल पिचमा फालेपनि मैदान भित्रको प्रतिस्पर्धा सुरु हुनेछ र त्यसले अन्य विवादलाई छायाँमा पार्ने आशा गरिएको छ ।

## मुम्बइमा इंग्ल्याण्डविरूद्ध खेल हेर्न सहभागी उत्साहित नेपाली समर्थक




काठमाडौं। आईसीसी टी २० विश्वकप २०२६ को आफ्नो पहिलो खेलमा नेपालले आज इंग्ल्यान्डसँग खेल्दै छ ।

पहिलो खेल हेर्न नेपाली समर्थकहरू उत्साहित भएका छन् । शनिबारदेखि सुरु भएको प्रतियोगिताको पहिलो दिन तीन खेल सम्पन्न भइसकेका छन् र तीनवटै खेलमा एशोसिएट टोलीले टेस्ट राष्ट्रलाई कडा टक्कर दिएका थिए । आज हुने खेलामा पनि नेपालले इंग्ल्याण्डलाई जितेर सुखद सुरुआत दिलाउने अपेक्षासहित समर्थकहरू स्टेडियममा पुगिसकेका छन् । आज पहिलो खेल न्युजिल्याण्ड र अफगानिस्तानबीच भएको छ । नेपाली समर्थकहरू भने उत्साहित हुँदै नेपालको खेल सुरु नहुँदै स्टेडियममा पुगेका छन् ।

## निर्वाचन...

निर्वाचनको नाटक मञ्चन गर्न तम्सिन्छ भने जनताले निर्वाचन बहिष्कार गर्नुको विकल्प हुन्न । आउनुस्, यथास्थिति होइन अग्रगामी परिवर्तनतिर देशलाई मोड्न निर्वाचन बहिष्कार आन्दोलन दृढतापूर्वक अगाडि बढाऔं !

सम्बद्ध पार्टीहरू :

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (जनपक्ष)

मिति : २० माघ २०८२

निर्वाचन बहिस्कारसँगै गिरफ्तार नेता पूर्णबहादुर खड्काको रिहाइका लागि देशव्यापी आन्दोलन

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य तथा दोलखा इन्चार्ज पूर्णबहादुर खड्कालाई निर्वाचन बहिस्कार सम्बन्धी पर्चा बाँडिरहेको बेला सिन्धुलीबाट प्रहरीले गिरफ्तार गरी सिन्धुली माडीमा राखेको छ । पक्राउको विरोध गर्दै संयुक्त संघर्ष समिति र क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले देशैभर प्रदर्शन गरिरहेको छ र जिल्ला प्रशासन कार्यालयबाट प्रधानमन्त्रीलाई ज्ञापन पत्र पनि बुझाएका छन् । र, साथै कानुनी संघर्षलाई पनि एकसाथ अगाडि बढाइएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट नेपाल प्रगतिशील कानून व्यवसायी एशोसियसन (एनपीएलए) कानुन व्यवसायीहरूले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणका लागि नेता खड्काका छोराले दायर गरेको रिटमा निरन्तर बहस गर्दै आएका छन् र सर्वोच्चले गृहमन्त्रालयलाई समेत पक्राउबारे कारण देखाउ आदेश जारी गरेको छ । नेता खड्काको रिहाइका लागि राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिने तयारी गरिएको अधिवक्ता फडिन्द्र कार्कीले जानकारी दिनुभयो ।

त्यसैगरी पूर्णबहादुर खड्कालाई रिहाईको माग गर्दै विभिन्न जिल्लाबाट ज्ञापन पत्र बुझाइएको छ । खड्कालाई माघ १६ गते सिन्धुलीको दुधौली नगरपालिका वडा नं ९ खोरभनुज्याङबाट प्रहरीले पक्राउ गरेको थियो ।

देशैभर संयुक्त संघर्ष समिति सम्बद्ध पाँच पार्टीका नेता कार्यकर्तालाई निर्वाचन बहिष्कारको शान्तिपुर्ण कार्यक्रममा प्रहरी प्रशासनले गरेको धरपकड र गिरफ्तार नेताहरूको निशर्त रिहाइको माग गर्दै संयुक्त संघर्ष समिति नवलपरासीले जिल्ला प्रशासन कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारी दिपक राज नेपाल मार्फत कठपुतली सरकारको प्रधानमन्त्री समक्ष ज्ञापनपत्र बुझाएको छ ।

त्यसैगरी संयुक्त संघर्ष समिति मोरङको तर्फबाट मोरङका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाईएको छ । २०८२ माघ २२ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका बिमल निरौला, सुमन पराजुली,नेकपा (बहुमत)का सृजन, नेकपाका सतिलाल सहितले माघ २२ गते ज्ञापन पत्र बुझाउनुभएको थियो ।

संयुक्त संघर्ष समिति भक्तपुरले पनि पूर्ण बहादुर खड्काको रिहाइको माग गर्दे भक्तपुर जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीको कार्यलयको लागि ज्ञापन बुझाएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका सुरेश अधिकारी, पदम लामा, नेकपा (बहुमत)का बजिर सिंह नेपाली, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका कृष्ण बयलकोटीले माघ २१ गते ज्ञापन पत्र बुझाउनुभएको थियो ।

त्यस्तै रूपन्देही जिल्ला सचिवलक्ष्मी कान्त पौडेल, स्थायी समिति सदस्य कृष्णराज पौडेल, युबराज न्यौपाने, निमकला पुन, रामु अर्याल, दयाराम खनाल, अर्जुन केसी ने.क.पा. (बहुमत)बाट रेखा खनाल, ओमप्रकाश थारुको सहभागितामा २०८२ माघ २२ गते रूपन्देहीका प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाउँदे पूर्ण बहादुर खडकाको रिहाईको माग गरिएको थियो ।

त्यसैगरी कञ्चनपुर र डलेल्धुरामा ज्ञापन पत्र बुझाइएको छ भने २ नं ब्यूरोमा मशाल जुलुस, पोस्टरिङ, अन्तर्क्रिया लगायतका कार्यक्रमहरू भएका छन् ।

ज्ञापन पत्र बुझाउन बुझाउन गएका नेता कार्यकर्ता गिरफ्तार

सिन्धुलीमा गिरफ्तार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य पूर्णबहादुर खड्काको रिहाइका लागि सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउन गएका संयुक्त संघर्ष समितिका सदस्यहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो । गिरफ्तारीमा पर्नेहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्यहरू क. कर्ण शाही तथा क. रत्न ओली, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय समिति सदस्यहरू क. डेभिड परियार तथा क. श्याम कुवर र नेपाल कम्युनिस्ट पार्टी (बहुमत)का जिल्ला सचिव क. राज पौडेल रहनु भएको थियो ।

यसैगरी सिराहा जिल्लामा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका जिल्ला संयोजक राजुभाइलाई पनि निर्वाचन बहिष्कारको पर्चा वितरण गर्ने क्रममा प्रहरीले गिरफ्तार गरेको थियो ।

केन्द्रीय संयुक्त संघर्ष समितिका संयोजक सीपी गजुरेलले एक प्रेस वक्तव्य जारी गरी यही प्रतिक्रियावादी संविधानले प्रदान गरेको वाक तथा प्रकाशन स्वतन्त्रताको धज्जी उडाउँदै गरिएको यस गिरफ्तारीको घोर विरोध गर्दै हिरासतमा रहनु भएका कमरेडहरूलाई अविलम्ब र बिनाशर्त रिहाइ गर्न जोडदार माग गर्नुभएको थियो । चौतर्फी दबाबपछि पक्राउ गरेको भोलिपल्ट उहाँहरूलाई रिहा गरेको थियो ।

गृहमन्त्रालयलाई लिखित जवाफ पेश गर्न सर्वोच्चको आदेश

प्रहरी हिरासतमा रहेका पूर्णबहादुर खड्काबारे सर्वोच्चद्वारा लिखित जवाफ पेश गर्न गृह मन्त्रालय समेतलाई आदेश जारी गरेको छ । २०८२ माघ २० गते सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले सो आदेश जारी गरेको हो। पूर्णबहादुर खड्काका छोरा भगवान खड्काले बन्दी प्रत्यक्षिकरणको रिट दायर गरेका थिए। सो रिट उपर अधिवक्ता द्वय देव कुमार मोक्तान र फडिन्द्र कार्कीले बहस गरेका थिए। सर्वोच्चका न्यायाधीश विनोद शर्माले अधिवक्ता मोक्तान र कार्कीको बहस सुनिसकेपछि बन्दी प्रत्यक्षिकरण नगरिकन तीन दिनभित्र गृहमन्त्रालय लगायतका प्रत्यार्थीहरूलाई लिखित जवाफ प्रस्तुत गर्न आदेश जारी गरेका छन्। पूर्णबहादुर खड्कालाई हिरासतमा राख्नुपर्ने घटनामा के कसो भएको हो ? बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी नहुनुपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक तीन दिनभित्र लिखित जवाफ पेश गर्नु भनी नेपाल सरकारको गृह मन्त्रालय समेतलाई आदेश जारी गरिएको छ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको घोषित कार्यक्रम अनुसार निर्वाचन बहिस्कारको पर्चा बाँडिरहेको अवस्थामा पार्टीका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई माघ १६गते सिन्धुलीको दुधौली नगरपालिका वडा नं ९ खोरभनुज्याङबाट प्रहरीले पक्राउ गरेको थियो । गिरफ्तार पछि नेता खड्कालाई ईलाका प्रहरी कार्यालय डकाहा, सिन्धुलीको हिरासतमा राखिएको थियो । गैरकानुनी रूपमा थुनामा राखी झुठा मुद्दा लगाउने षड्यन्त्र गर्न थालेपछि सर्बोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरिएको थियो । पूर्णबहादुर खड्काका छोरा भगवान खड्काले पुर्ण बहादुर खड्कालाई बिनाकारण पक्राउ गरी गैरकानूनी थुनामा राखेकोले तुरून्त अदालत समक्ष सशरीर उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश माग गर्दै माघ १८ गते सर्बोच्चमा निवेदन पत्र पेश गरेका थिए ।

# बिकास यात्रामा कृषि र किसानलाई उपेक्षा गरिदाको बास्तबिकता



● लोकनारायण सुबेदी ●

**दुईतिहाइभन्दा बढी कृषक परिवारको श्रम खपत हुने कृषि क्षेत्रले राष्ट्रिय आम्दानी अर्थात् समग्र अर्थतन्त्रमा योगदान भने एकतिहाई अर्थात् ३३ (यतिबेला त अझ घट्को र २८ प्रतिशत पुगेको तथ्यांक प्रकाशमा इसकेको छ)प्रतिशत जति मात्र गर्दछ । यसै क्षेत्रमा गरीबको संख्या अत्यधिक देखिनुले हाम्रो राष्ट्रिय विकास सामन्ती कि पूँजीवादी कुन चरणबाट भन्ने कुरा प्रष्ट गर्नुका साथै ठूलो चुनौतिको रुपमा देखापर्दछ ।**

यो तथ्यांक निकै बर्ष झण्डै डेढ दशक अर्थात १२ बर्ष जति पहिलाको हो । राष्ट्रिय योजना आयोगले १४ बर्ष अघि सन् २०१४ मा गरेको एउटा अध्ययन र संयुक्त राष्ट्रसंघले १६ वर्षअघि सन् २००९ मा गरेको अर्को अध्ययन प्रतिवेदन दुबैले एउटै कुरा दर्शाएका थिए । बास्तबमा ती दुइ प्रतिबेदनले हाम्रो देशको असमान विकासको अत्यन्तै चूनौतिपूर्ण र महत्त्वपूर्ण तस्वीर प्रस्तुत गरेको थियो भन्ने देखिन्छ ।

त्यो के भने भौगोलिक हिसाबले सुदूरपश्चिमका पहाडी क्षेत्र नेपालको औसत विकासको स्थितिभन्दा धेरै तल परेको त्यसमा देखाइएको थियो अनि मध्य तराई (सप्तरीदेखि बारा पर्सासम्म)को क्षेत्र अविकासको अर्को क्षेत्रको रूपमा रहेको दर्शाइएको थियो । सामाजिक दृष्टिले मधेश/तराईका मुस्लिम समुदाय, मधेशी दलित र पहाडी दलित मानव विकास सूचकांकको क्रममा धेरै पछाडि परेको तथ्य पनि ती दुइ प्रतिबेदना दर्शाइएको थियो ।

यस बास्तबिकताका अतिरिक्त सुदूर र मध्यपश्चिमी पहाडका कथित माथिल्लो जात अर्थात् ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी आदिको अवस्था पनि निकै दयनीय रहेको देखाइएको छ । आम्दानी र सम्पत्तिमा तिनको पहुँचको आधारमा हेर्दा महिलाको अवस्था पुरुषको भन्दा समग्ररूपमा नै निराशाजनक रहेको छ ।

अनि तराइमा कायस्थ, ब्राह्मण, राजपूत या भूमिहारको अवस्था तुलनात्मक रूपमा अरुकोभन्दा माथि रहेको छ । तर, अरु धेरै जात जातिहरू त्यहाँ निकै नै पिछडिएको अवस्थामा छन् । यी वस्तुगत तथ्यले समेत हाम्रो देश सामन्तवादी चरणबाट अघि बढ्न सकिरहेको छैन भन्ने दर्शाउँछ र राज्यले आर्थिक सामाजिक रूपान्तरणको विकास नीति निर्माण गर्दा कुन-कुन क्षेत्र र समुदायमा ध्यान केन्द्रित गर्नुपर्छ भन्ने कुरा पनि प्रष्ट पार्न खोजेको छ ।

क्षेत्रगत र समुदायगत आर्थिक सामाजिक यो चुनौतिपूर्ण तस्वीरका साथै समग्र नेपाली समाजमा बढ्दै गएको आर्थिक विषमताको स्थिति त झनै योभन्दा भयावह छ । नेपालको जीवनस्तर मापन गर्ने सर्वेक्षण (२०११)ले २० प्रतिशत गरीब अर्थात् वार्षिक ८ हजार ४ सय ९८ भन्दा कम कमाउने मानिसको समग्र अर्थतन्त्रमा केवल ४ दशमलव १ प्रतिशत हिस्सा मात्र रहेको र २० प्रतिशत धनी अर्थात् वार्षिक १ लाख १७ हजार ६२ रूपैयाँभन्दा बढी कमाउनेसँग अर्थतन्त्रको ५६ दशमलव २ प्रतिशत हिस्सा रहेको प्रष्ट देखाएको थियो ।

हुन पनि समस्याको समाधान गर्ने सही दिशाबाट बिमुख भएर देश अघि बढ्न बिल्कुलै सक्दैन भन्ने कुरा बितेको ७ दशकभन्दा बढी समयको हाम्रो विकास योजना र स्थितिले नै छर्लङ्ग पारिसकेको छ । मूख्य समस्या (कृषि र किसानका) हल नभइकन शिक्षा, स्वास्थ्य, बेरोजगारी अर्थात् समग्रमा राष्ट्रिय सम्बृध्दि कदापि हात लाग्दैन भन्ने प्रष्ट कुरा अहिलेसम्मको बिकास तस्बीरले एकदमै प्रष्ट पारेको र उजागर गरिरहेको छ ।

यो तस्वीर के भने अझै पनि सबैभन्दा धनी १० प्रतिशतले ३९ दशमलव ५ प्रतिशत कृषि जमिनको हिस्सा ओगटेको अध्ययनले देखाएको छ । यद्यपि पछिल्लो समय केही थोरै यो तथ्य घटेको होल । यी समग्र तथ्यांकले हाम्रो राष्ट्रिय अर्थतन्त्र र समग्र विकासको अन्यायपूर्ण बनौटलाई प्रष्टसँग व्यक्त गर्छन् भने बढ्दो गरीबीको गतिलाई पनि यिनले दर्शाउँछन् ।

यसमा अझ थप अर्थतन्त्रका तथ्यहरू के-के छन् भने नेपालका १ करोड २० लाख जति बचतकर्ताको निक्षेपबाट केवल ८ लाख ऋणीले मात्रै अहिलेसम्म लाभ लिन सकेका छन् । यसले हाम्रो राष्ट्रिय बचत कम रहेको मात्रै छैन, लगानी कतातिर प्रवाहित भइरहेको छ भन्ने यथार्थको पनि राम्रोसँग उजागर गर्दछ । एउटा अर्को अनौपचारिक प्रतिवेदनका अनुसार यस्तो ऋणको ८० प्रतिशतभन्दा पनि बढी हिस्सा भने देशका करीब १ सय वटा औद्योगिक घरनाले मात्र दोहन गर्ने गरेको दर्शाएको छ ।

असमानताको यो तस्वीर कृषि क्षेत्रमा अझ भयावह र टड्कारो छ । देशको एक दशक अघिको कृषि गणनाले कूल ५४ लाख परिवारमध्ये झण्डै ३८ लाख (करीब-करीब दुईतिहाई परिवार) कृषिमा संलग्न रहेको देखाएको थियो । प्रतिपरिवार जमिनको आकार भने निकै साँघुरिएर २०५८ को ० दशमलव ८० हेक्टरको तुलनामा २०६८ मा अझ घटेर ० दशमलव ६८ हेक्टरमा झरेको पाइएको थियो । तर, जमिनको कित्ताको संख्या भने थप १० लाखबाट बढेर १ करोड २० लाख पुगेको यथार्थले जमिनको खण्डीकरण तीब्ररूपमा भइरहेको दर्शाएको थियो। पछिल्लो कृषि गणनाले पनि यसै प्रबृत्तिलाई अझ तीब्र पारेका देखिन्छ ।

बढ्दो तर अव्यवस्थित र अवैज्ञानिक शहरीकरणको प्रक्रिया, भवन, सडकको निम्ति खेतीयोग्य अमूल्य जमिनको घरेडी र रिएल स्टेट ब्यूजिनेश आदिका लागि प्लटिङ्ग आदि कारणले समेत खेतीयोग्य जमिन यसक्रममा करीब १ दशमलव ५ लाख हेक्टर घटेको त्यत्ति बेला दर्शाइएको थियो । बाली सघनतामा अनुल्लेख्य बृद्धि अर्थात् १० वर्षमा ० दशमलव ०२ प्रतिशत मात्र भएको तथ्यांकले कृषि क्षेत्रमा परनिर्भरता अझ बढेको देखाउँदछ । कृषि उत्पादनबाट ६ महिना पनि खान नपुग्ने ३७ प्रतिशत परिवार गरीबीको रेखामुनि छ । यसले खाद्य अधिकार र खाद्य सुरक्षाको प्रश्नलाई झन् ज्वलन्त र टड्कारोरूपमा खडा गरिदिएको छ ।

बितेको १५ वर्षयता जग्गाविहीन किसान परिवारको संख्या २२ हजारबाट बढेर १ लाख १५ हजार पुगेको छ । ० दशमलव १ हेक्टरभन्दा कम जमिन हुने १२ दशमलव ३० निर्धनतम कृषि परिवार सीमान्त गरीबीमा जीवन गुजारा गर्न बाध्य छन् । देशका करीब ६० प्रतिशत किसान अहिले पनि बैंक तथा वित्तीय संस्थाबाट होइन, साहुमहाजनबाट नै ऋण लिन बाध्य छन् ।पछिल्लो मिटर ब्याजको सिकार भएका किसानहरूको आन्दोलनले समेत यस कुराको थप उजागर गरेकोछ ।

गरीबको संख्या अत्यधिक देखिनुले हाम्रो राष्ट्रिय विकास सामन्ती कि पूँजीवादी कुन चरणबाट भन्ने कुरा प्रष्ट गर्नुका साथै ठूलो चुनौतिको रूपमा यो समस्या देखापर्दछ ।

दुईतिहाइभन्दा बढी कृषक परिवारको श्रम खपत हुने कृषि क्षेत्रले राष्ट्रिय आम्दानी अर्थात् समग्र अर्थतन्त्रमा योगदान भने एकतिहाई अर्थात् ३३ (यतिबेला त अझ घट्को र २८ प्रतिशत पुगेको तथ्यांक प्रकाशमा इसकेको छ)प्रतिशत जति मात्र गर्दछ । यसै क्षेत्रमा गरीबको संख्या अत्यधिक देखिनुले हाम्रो राष्ट्रिय विकास सामन्ती कि पूँजीवादी कुन चरणबाट भन्ने कुरा प्रष्ट गर्नुका साथै ठूलो चुनौतिको रूपमा देखापर्दछ ।

यसै कारणले वैज्ञानिक क्रान्तिकारी भूमिसुधार गरी प्रतिइकाई जमिनबाट अधिकतम उत्पादन लिने र किसानको आम्दानी बढाएर राष्ट्रिय बजार एवं औद्योगिकीकरणको आधार तयार गर्ने तथा कृषि र उद्योगलाई ऊर्जा प्रदान गर्ने किसिमले आन्तरिक खपतका लागि विकास-मैत्री आमविद्युतीकरण आजको सर्वाधिक महत्त्वपूर्ण राष्ट्रिय आवश्यकता हो र राष्ट्रिय पूँजी निर्माण गर्ने मूलबाटो पनि यही नै हो ।

अनि यही कृषिको आधारभूत बिकास नै ग्रामीण क्षेत्रबाट सामन्तवादको पूर्णतः अन्त्य गर्ने र चौतर्फी विकासको ढोका खोल्ने र आधार तयार गर्ने मूलबाटो पनि हो । यी समस्याको समाधान गर्ने सही दिशाबाट बिमुख भएर देश अघि बढ्न बिल्कुलै सक्दैन भन्ने कुरा ७ दशक भन्दा बढी समय लागेको आजको हाम्रो विकास स्थितिले नै छर्लङ्ग पारिसकेको र पारिरहेको छ । यो कृषि र किसानलाई उपेक्षा गरिदाको दुष्परिणाम हो ।यस स्थितिले कृषि र किसानको सही र अग्रगामी बिकास र समस्यबाट निकासको लागि बृहत् एकताबध्द राष्ट्रिय किसान आन्दोलनको जोडदार माग पनि गर्दछ । अन्यथा आधारभूत कृषि र किसानको जीवन नै स्वाहा भएर जाने छ र परनिर्भरताको पासोमा नेपाल अझ गम्भीररूपमा फँस्ने छ । जुन कुरा राष्ट्रियताको र क्षाा र सुदृढीकरणको दृष्टिले पनि अत्यन्तै गम्भीर महत्वको कुरा छ ।

## वर्तमान...

राज्य संयन्त्रमा बसेका कर्मचारी, प्रशासक र पदाधिकारीका छोराछोरी कहाँ छन् ? कुन श्रोतबाट विदेशमा पढिरहेका छन ? विदेशमा बसोबास गरिरहेका छन ? बहुराष्ट्रिय कम्पनीहरूमा लगानी गरिरहेका छन ? तलब, भत्ता र बैधानिक आम्दानीभन्दा बढी अर्बौंको सम्पत्ति कसरी र कहाँबाट आर्जन गरियो ? यी प्रश्नहरू व्यक्तिगत आरोप होइन, राज्य दोहनको वस्तुगत यथार्थ हुन् । विकास बजेट, सार्वजनिक खरिद, ठेक्कापट्टा, भूमि दलाली, कर छुट, अनुमतिपत्र बितरण, नियुक्ति, सरुवा/बढुवा, न्यायिक निर्णय, प्रहरी प्रतिवेदन, मुचुल्का, सुरक्षा संयन्त्रसम्म कर्मचारितन्त्रको संलग्नता बिना कुनै पनि भ्रष्टाचार सम्भव छैन । त्यसैले आजको आवश्यकता पन्चायत कालदेखि सबै उच्च पदस्थ कर्मचारी, केही प्रशासक र केहि संवैधानिक निकायका पदाधिकारिको सम्पूर्ण सम्पत्ति छानबिन गर्नुपर्ने, उनिहरू र तिनका परिवारको देश-विदेशको सम्पत्ति बैंक खाता, कम्पनीमा सेयर र जग्गा-जमिनको खोजबीन, राज्यसत्ता दुरूपयोग गरि आर्जित अबैध सम्पत्तिको जफत गरी जनताको स्वामित्वमा ल्याउँदै राष्ट्रियकरण गर्नुपदर्छ । यो कुनै बदला होइन, जनताको खोसिएको अधिकार फिर्ता गर्ने संघर्ष हो । भ्रष्टहरूलाई दण्डित नगरी, उनिहरूले दोहन गरेर थुपारेको सम्पति जनताको पक्षमा नल्याई देशमा न त सुशासन सम्भव छ न त वास्तविक विकास । त्यसकारण हाम्रो पार्टी प्रतिक्रियावादी राज्यसत्ता र त्यसलाई धानेको कर्मचारितन्त्रको संस्थागत भ्रष्टाचारलाई अपराध ठान्दछ । संरचनागत भ्रष्टाचार विरुद्ध सशक्त प्रतिरोध गर्नु आजको पहिलो आवश्यकता हो ।

नेपालमा पछिल्ला दशकहरूमा एनजीओ र आईएनजिओहरूको संख्या र प्रभाव अस्वाभाविक रूपमा बढेको छ । विकास, मानवअधिकार र सेवाको नाममा प्रवेश गरेका यी संस्थाहरू व्यवहारमा भने विदेशी दाता राष्ट्र र साम्राज्यवादी शक्तिका नीतिगत, वैचारिक र राजनीतिक एजेन्डा कार्यान्वयन गर्ने माध्यम बनेका छन् । एनजीओ/आईएनजिओहरूले राज्यले गर्नुपर्ने काम आफूले गरेर राज्यलाई कमजोर बनाउने, नीति निर्माणमा हस्तक्षेप गर्ने, विदेशी निर्भरता बढाउने र जनतालाई परियोजनामुखी दयाभावमा सीमित गर्ने काम गरेका छन् । यसले नेपालको निर्णय गर्ने अधिकार, आत्मनिर्भर विकास र राष्ट्रिय स्वाधीनतालाई गम्भीर रूपमा क्षति पुऱ्याएको छ । धेरै एनजीओ/आईएनजिओहरू दलाल राजनीतिक नेतृत्व र उच्च कर्मचारीतन्त्रसँग साँठगाँठ गरी अपारदर्शी अनुदान, कमिसन र प्रभावको कारोबारमा संलग्न छन्, जसले भ्रष्टाचारलाई न्यूनीकरण होइन, संस्थागत र वैधानिक बनाउने भूमिका खेलेका छन् । यसरी आज नेपालमा भ्रष्टाचार र राष्ट्रिय स्वाधीनताको संकटको एउटा मुख्य स्रोत यही साम्राज्यवाद-दलाल सत्ता-एनजीओ/आईएनजिओ गठजोड बनेको छ । एनजीओ/आईएनजिओ मार्फत् हुने वैचारिक, सांस्कृतिक, राजनीतिक र नीतिगत हस्तक्षेपबाट बढ्दो रूपमा राष्ट्रिय संकट सिर्जना भइरहेको छ ।

धेरैजसो एनजीओ/आईएनजिओहरू साम्राज्यवादी शक्तिहरूका एजेन्डा बोकेर नीति निर्माण, शिक्षा, स्वास्थ्य, महिला, दलित, आदिवासी, जनजाती, वातावरण र मानवअधिकारका नाममा राज्यका संवेदनशील क्षेत्रमा हस्तक्षेप गरिरहेका छन् । यी संस्थाहरूले भ्रष्ट सरकार र दलाल शासक वर्गसँग मिलेर राष्ट्रिय निर्णय प्रक्रियामाथि प्रभाव पार्नु, जनतालाई भ्रमित गर्नु र संघर्षलाई कमजोर बनाउन उनीहरूले वास्तविक भूमिका खेलिरहेका छन् ।

जनजीविकाको सन्दर्भमा मूल्यवृद्धि, बेरोजगारी, न्यून ज्याला, किसान-मजदुरका आन्दोलनप्रति राज्यको उपेक्षा र दमन निरन्तर जारी छ । शिक्षा, स्वास्थ्य, कृषि र उद्योगमा नवउदारवादी निजीकरणले जनताको जीवन झनै असुरक्षित बनाएको छ । कृषिमा लगानी कम आयतमा निर्भरता, दलाली, ठेक्का र वैदेशिक ऋणमा आधारीत छ । सामाजीक चरित्र स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका सेवाहरू निजीकरण गर्दै जनतालाई आर्थिक असुल्ने ग्राहक बनाईएको छ । सामाजीक न्यायको नारा प्रयोग हुन्छ वर्गीय अन्याय झन बढेको छ । धनी झन धनी र गरिव अझ गरीव हुँदै विभेदका स्वरूपहरू व्यापक मात्रमा बढि रहेका छन् । वैदेशिक चरित्र जल, जमिन, खनीज सम्पदा सबैमा विदेशी स्वामित्वको मार्ग खुला गरिएको छ । बहुराष्ट्रिय कम्पनीहरू, विदेशी सहयोगदाता र राजदूतहरूले निति निर्माणमा हस्तक्षेप गर्दछन् । यसको चरित्र प्रतिक्रियावादी वर्गपक्षधर, विदेश आश्रित र असमानता मुलक छ ।

लिपुलेक जस्ता संवेदनशील विषयमा सरकार र सत्तासीन दलहरूको कमजोर कूटनीतिक अडानले सार्वभौमिकता प्रति गम्भीर उदासीनता उजागर गरेको छ । एसिसि सम्झौता संसदबाट पारित गरेर अमेरिकी साम्राज्यवाद अगाडि घुडा टेकेर राष्ट्रिय स्वाधिनता कमजोर बनाइरहेको छ । एमसिए पास गरेर अमेरिकी सेना भित्र्याउने अर्को षड्यन्त्रको दस्तावेज हस्ताक्षरका लागि लाईनमा छ ।

राष्ट्रिय स्वाधीनता कमजोर हुँदा भ्रष्टाचार संस्थागत हुन्छ र भ्रष्टाचार बढ्दा विदेशी हस्तक्षेप सहज हुन्छ–आजको संकट यही दुष्चक्रमा फसेको छ । नेपालमा राष्ट्रिय स्वाधीनता गम्भीर संकटमा परेको छ । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले दलाल राजनीतिक नेतृत्व, भ्रष्ट कर्मचारीतन्त्र र एनजीओ/आईएनजिओमार्फत प्रत्यक्ष हस्तक्षेप गरिरहेका छन् । यसको परिणाम स्वरूप नेपाल आफ्नो राष्ट्रिय हितअनुसार निर्णय गर्न नसक्ने परनिर्भर राज्यमा रूपान्तरण हुँदै गएको छ ।

विदेशी ऋण, अनुदान र परियोजनाको नाममा देशको नीति निर्माण विदेशी एजेन्डा अनुसार निर्देशित भइरहेको छ । संसदीय निर्वाचन, सरकार गठन र राज्य संयन्त्रसमेत बाह्य शक्तिको प्रभावबाट मुक्त छैनन् । यसरी राष्ट्रिय स्वाधीनता कमजोर हुँदै जाँदा भ्रष्टाचार, शोषण र दमन संस्थागत बनेका छन् । यस अवस्थाको अन्त्य बिना न भ्रष्टाचार उन्मूलन सम्भव छ, न जनतन्त्र र जनजीविका सुरक्षित हुन सक्छ । त्यसकारण राष्ट्रिय स्वाधीनताको रक्षा आजको निर्णायक राजनीतिक कार्यभार हो ।

अमेरिकी साम्राज्यवादले भेनेजुएलाको प्राकृतिक स्रोतहरू–तेल, ग्यास, खनिजलाई कब्जा गर्ने मुख्य लक्ष्य बनाउदै आएको छ । जुनकुनै देशले आफ्ना प्राकृतिक स्रोत राष्ट्रिय अबस्यकतामा परिचालन गर्न खोज्दा त्यहाँ साम्राज्यवादी शक्तिहरूले विभिन्न माध्यमबाट हस्तक्षेप गर्ने इतिहास दोहोरिँदै आएको छ । भेनेजुएला यसको ज्वलन्त उदाहरण हो । भेनेजुएला सबैभन्दा ठूलो तेल भण्डार भएको देश हो । ह्युगो चाभेज र त्यसपछि निकोलस मादुरो नेतृत्वको सरकारले तेल उद्योग राष्ट्रियकरण गरि जनताको हितमा परिचालन गरेकाले आज पनि अमेरिकी दवाब, संकट र षड्यन्त्रको सामना गरिरहेको छ । तर यो पनि सत्य हो कि राष्ट्रिय स्वाधीनताको पक्षमा उभिँदा साम्राज्यवादी दादागिरी कति क्रूर हुन्छ भन्ने उदाहरण अमेरीकि साम्राज्यवादी हस्तक्षेप भेनेजुएलाले संसारलाई दिएको छ । अमेरिकी साम्राज्यवादले भेनेजुएला माथी सैनिक आक्रमण गरि राष्ट्रपति मादुरो दम्पत्तिलाई अपहरण गरेको घटनाले कथित प्रजातन्त्र, मानबअधिकार र अन्तर्राष्ट्रिय कानुनको धज्जी उडाएको छ ।

युक्रेनमा साम्राज्यवादले फरक मोडल प्रयोग गऱ्यो । राजनीतिक अनुभव नभएको, मिडियाबाट उत्पादन गरिएको पात्र भोलोदिमिर जेलेन्स्कीलाई लोकतान्त्रिक अनुहार भन्दै पश्चिमी शक्तिको समर्थनमा सत्तामा पुऱ्याइयो । उनको शासनमा युक्रेन नाटो र अमेरिकी सैन्य रणनीतिको मोहरा बन्यो । रूससँगको युद्धमा देश धकेलियो हजारौं नागरिक मारिए, ऋण थोपरियो, देश हतियार र पुनर्निर्माणको नाममा पश्चिमी पूँजीको बन्धक बन्यो । युक्रेन आज स्वतन्त्र राष्ट्र होइन, साम्राज्यवादी युद्धनीतिको प्रयोगशाला बनेको छ । यक्रेनमा भएका सबै खानीहरू अमेरिकाको कब्जामा पुगेको छ । अमेरिकी साम्राज्यवाद चीनविरुद्धको घेराबन्दी रणनीति अन्तर्गत नेपाललाई अस्थिर बनाउँदै आफ्नो अनुकूल दलाल र कठपुतली नेतृत्व उत्पादन गर्न खोजिरहेको छ । जेन-जी आन्दोलनपछिको असामान्य सत्ता फेरबदल "सुधार", "सुशासन", "लोकतन्त्र बचाउने" नाममा नयाँ अनुहारको प्रचार, एनजीओ/आईएनजिओ र मिडियामार्फत पात्र निर्माण र प्रायोजीत संसदीय निर्वाचनको उद्देश्य स्पष्ट छ । नेपाललाई विदेशी ऋणमा डुबाउने, रणनीतिक सैन्य-राजनीतिक मोहरा बनाउने, चीन-विरोधी मोर्चामा धकेल्ने, अन्ततः अर्को युक्रेन बनाउने । नेपालमा भएका जलस्रोत, खनिज, भू-रणनीतिक स्थान, सस्तो श्रम यी सबै साम्राज्यवादी आकर्षणका विषय हुन् । आज युक्रेनजस्तै कठपुतली नेतृत्व स्वीकार गरे नेपाल पनि युद्धको मोहरा, ऋणको उपनिवेश, राजनीतिक प्रयोगशाला बन्ने खतरा स्पष्ट छ । उपरोक्त विश्लेषणका आधारमा स्पष्ट छ–घोषीत संसदीय निर्वाचन वर्तमान संकटको समाधान होइन । राष्ट्रिय स्वाधीनता, वास्तविक जनतन्त्र र जनजीविकाको रक्षा आजको निर्णायक राजनीतिक कार्यभार हो ।

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद नेपालमा आफ्ना स्वार्थ सुरक्षित गर्न योजनावद्ध रूपमा हस्तक्षेप गरिरहेका छन् । यहि षड्यन्त्रको परिणाम स्वरूप जेन-जी आन्दोलन पश्चात् साम्राज्यवादद्वारा निर्मित सुशिला कार्कीको कठपुतली सरकारले प्रायोजीत संसदीय निर्वाचन अगाडि सारेको छ । यो निर्वाचन जनताको समस्या समाधान गर्न होइन, दलालहरूलाई वैधानिक रूपमा सत्तामा पुर्याएर साम्राज्यवादी हैकमलाई मजवुत बनाउन आयोजना गरिएको हो । २०१५ सालदेखि आजसम्म भएका कुनै पनि निर्वाचनले राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सकेनन् । इतिहासले प्रमाणीत गरिसकेको यो तथ्यलाई वेवास्ता गरेर गरिने आगामी संसदीय निर्वाचनले देशलाई अझ गहिरो संकटतर्फ धकेल्ने निश्चित छ । सुशीला कार्कीले नेतृत्व गरेको कठपुतली सरकारले निर्वाचन मार्फत पुराना र नयाँ दलालहरूलाई सत्ताको ठेकेदार बनाउदै साम्राज्यवादि हैकमलाई मजबुत पार्ने षड्यन्त्र मात्र हो । देशभक्त, गणतन्त्रवादी, प्रगतिशील, वामपन्थी राजनीतिक शक्तिहरू सहित मजदुर, किसान, युवा, विद्यार्थी, सुकुम्बासी, साना तथा मझौला व्यापारी, राष्ट्रिय पुँजिपती, पत्रकार तथा सम्पुर्ण जनसमुदाय यतिबेला निर्वाचन होइन बरु प्रतिक्रियावादी दलाल संसदीय व्यबस्थालाई नफाली न सुशासन सम्भव छ न त भ्रष्टाचारको पुर्ण उन्मुलन । त्यसैले अहिले गर्न लागेको निर्वाचन यो व्यवस्थालाई बचाई साम्राज्यवादका नयाँ दलाललाई सत्तारोहण गराउने उद्देश्यले गर्न लागेको हुँदा यसलाई सबै जनता मिलेर सशक्त बहिष्कार गर्नु नै उचित बिकल्प हो ।

अबको निकास कठपुतली वर्तमान सरकारको विघटन, साम्राज्यवाद र विस्तारवाद विरोधी राष्ट्रिय राजनीतिक सम्मेलन, उक्त राजनीतिक सम्मेलनद्वारा गठित स्वाधिन संयुक्त सरकार र संघीय जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादको स्थापना हो । वैज्ञानिक समाजवादले मात्र भ्रष्टाचारको जरो उखेल्दै जनतालाई देशको वास्तविक मालिक बनाउने अवस्था सिर्जना गर्नेछ ।

# बिरेको मन

**बिरेले पटनाको होटेलमा काम गर्न थालेको आज वर्ष दिन जति भयो। वर्ष दिनभरि नै उसले होटेलको खुबै काम गऱ्यो। बिहान ४ बजेदेखि नै ठूलाठूला बाल्टिनमा पानी ओसारेर ठूलाठूला ड्रम भर्नपर्थ्यो। बिहानैदेखि खाने मान्छेको भीड लाग्थ्यो। सबै काम गर्नुपर्थ्यो उसले। कहिले जुठो भाँडा माज्ने, कहिले चियाको ग्लास खकाल्ने एवं रितले रात्रीको १२ बजेसम्म लखरलखर गर्दामा पनि पहाडी भुच्चुक भन्ने गाली सहनै पर्थ्यो। रातको १२ बजे थकाइले चुर हुँदासम्म घोटिइरहनु पर्थ्यो। गाउँका याद आउँथ्यो। घरकी वृद्ध आमा र कान्छीको सम्झना गर्ने गर्थ्यो। तर बिरेलाई एउटा चिठी लेख्ने फुर्सतसम्म पनि भएन। लेख्न खोजेर पनि लेख्न सकेन। के भनेर लेख्नु भनेर उसको मन पिरलिइरह्यो।**

"नाइँ म त जान दिन्नँ। को भनेर बस्ने ? एउटी वृद्ध आमा र एउटी म। तपाईँ गएपछि के हामी जोगी भएर बस्ने ! विवाह भएको २ वर्ष हुन पाएको छैन, अहिल्यै छोड्ने कुरा, पापी निर्दयी ! सत्ते होइन, होइ, मत जान दिन्नँ, सत्ते जानुभयो भने मत रोइरोइ मर्नेछु, फर्किनु हुँदा अवश्य मेरो मुख देख्न पाउनु हुनेछैन।"

कान्छीले अधैर्य भई मनको वह पोखी।

"छी ! कान्छी, कस्तो कुरो गरेकी ? विदेश जाने लोग्ने मानिसहरूका सबैका स्वास्नी मरेका छन् ? भोलि हिँड्ने पक्का भइसक्यो, आज यसरी अलच्छिना कुरा गरीगरी बार हाल्छ्यौ ? मलाई जाने बेलामा हाँसीहाँसी मुखले बिदा देऊ। हेर ! गहभरि आँसु, रोक कान्छी, नरोऊ न बा नरोऊ ? चाँडो फर्किहाल्छु नि, के मलाई बुढी आमाको, तिम्रो माया छैन र ? यहाँ बसिरहेर के गर्ने ? खालि अर्काको गोरु जोत्यो मरीमरी, खाने अर्कै। एकबारको जिन्दगी यसै खेर फाल्ने ? बाबुको छाला भने पनि जे भने पनि त्यही एक टुक्रा जमिन बन्धक पनि परिराखेको छ। त्यही माटो फिर्ता गर्न पाए पनि माटीकोरेर जीवनवृत्ति चलाउनु हुन्थ्यो।"

मयालु भावमा कान्छीलाई सम्झाउँदै बिरेले भन्यो।

"जेसुकै होस् हामी दुई जना जोडाजोडी भएर यो डाँडामा हाँसौँला खेलौँला। दुःख गरौँला। सानो झोपडी भए पनि स्वर्गझैँ बनाऔँला। जानलाई अलिकति पनि मन नगर्नु, मेरो बिन्ति छ।"

कान्छीले फेरि बिन्तीभउ गरी।

"कान्छी ! तिम्रो भनाइ सही हो। तर, यो समाजको गतिविधिलाई पनि हेर, निर्धनलाई सबैले हेला गर्दो रहेछ, पशुझैँ ठान्दो रहेछ। निधर्नले एक दिन पनि स्वतन्त्रतापूर्वक जीवन बिताउन पाउँदैन, सबैको कर्कस आवाज सुन्नु परिरहेको छ। इमानदार मान्छे भए पनि बेइमान भनिनु परेको छ। मैले एउटी वृद्ध आमालाई भनेजस्तो गर्न सकिन, तिमीलाई पनि केही गर्न सकिन। मलाई अफसोच छ। कान्छी यो केही दिनको निमित्त मात्र हो। जब म विदेशबाट फर्कुंला, तब म लाहुरे भेषमा यो गाउँमा रमौँला, ट्याङ्का र बाकसको खचाखच तिम्रो सामु बिसाउँला। रङबिरङका सारी, ब्लाउज, कार्चोपी भरेको जुत्ता, सुनका हारहरू तिमीलाई चाहिने शृङ्गारको झकाझक पारौँला, बन्धक परेको जग्गाजमिन फर्काउँला अनि मेरी वृद्ध माताको अभिलाषा पुऱ्याउँला। आनन्दले तिम्रो मन हसाउँला, मेरो पूर्ण अभिलाषालाई बार नहाल न कान्छी ! हाँसी मुखले बिदा देऊ।"

बिरेले भविष्यको स्वप्नलाई कान्छीको सामु उकेल्दै भन्यो।

"मलाई केही कुराको जरुरत छैन, जस्तो यो थाप्लोमा बज्र परोस्। भो' म त जानन दिन्न, छाड्दै छाड्दिन।"

कान्छीले विरक्त भावमा भनी।

"कान्छी ! अहिले हामी जसरी भए पनि प्रेमपूर्वक अर्काको लातबात सहेर पनि बसौँला रे, भविष्यको हाम्रो सन्तानको पनि त ख्याल गर्नुपर्छ। धन नभइकन यो छाप्रोमा ३/४ सन्तानलाई कसरी पाल्ने र हुर्काउने सोच त ? त्यसै भएर कान्छी हाँसीमुखले बिदा देऊ।"

रातको बीचमा दुई दम्पतिको यत्तिकै गुनगुन चलिरहेको थियो। दुवैका बीच हृदयमा वियोगको छटपटी भने चलिरहेको थियो।

ooo

हिन्दुस्थानको बिहार राज्यको राजधानी पटनामा बेलुकीपख सूर्यको रातो किरणले भतभती पोल्दै थियो। गङ्गा नदीको अविरल धार निश्चल गतिले बहिरहेको थियो। सहरतिरको खलबलबाट विदा लिएर स्वच्छ हवाको सयर गर्न विभिन्न किसिमका मानिसहरू घुमिरहेका थिए किनारमा। बिरे पनि नेपाली पहाडी भेषमा नोकरीको खोजमा भौँतारिँदाभौँतारिँदा थकित भएर निराशाको बादल बोकेर त्यतैतिर अल्मलिरहेको थियो।

अंसुमालीको तेजपुञ्जले पनि विस्तारविस्तार बिदा लिँदै अर्कै द्विपतिर प्रस्थान गरिसकेको थियो। सहरको सडकहरूमा झलमल्ल विभिन्न प्रकारका बिजुली बत्ती जगमग हुन थालेका थिए। भित्री गल्लीहरूमा भयङ्कर अन्धकारले राज्य जमाई उसैको हुकुमत चली भीषण रूप लिइरहेको थियो। बिरे भने मनमा कुरा खेलाउँदै एक्लै यताउता भौँतारिइरहेको थियो।

उसले नोकरी खोजेको आज ५ दिन जति भयो। होटेलमा पानी बोक्ने काम पनि नपाउँदा र कुनै ठाउँमा नोकरीको बन्दोबस्त पनि नमिल्दा बिरेले भोकभोकै त्यसै भौँतारिनु परेको थियो। नोकरी नै कहाँ मिलोस्, चालिस करोड जनसङ्ख्या भएको देशमा, जहाँ बेकारीको हाहाकार छ। त्यहीँ मारामार छ।

त्यस्तो ठाउँमा भौतारिँदै कहाँकहाँ जाने ! भएको खर्च बाटैमा कैँचीको फेला परिहाल्यो पकेटमारले कला देखायो।। विदेशमा नहिँडेका विचरा बिरेजस्तालाई छकाउन हिन्दुस्थानी बगलीमाराहरूलाई कुनै तकलिफ पर्दैन।

ooo

बिरेले पटनाको होटेलमा काम गर्न थालेको आज वर्ष दिन जति भयो। वर्ष दिनभरि नै उसले होटेलको खुबै काम गऱ्यो। बिहान ४ बजेदेखि नै ठूलाठूला बाल्टिनमा पानी ओसारेर ठूलाठूला ड्रम भर्नपर्थ्यो। बिहानैदेखि खाने मान्छेको भीड लाग्थ्यो। सबै काम गर्नुपर्थ्यो उसले। कहिले जुठो भाँडा माज्ने, कहिले चियाको ग्लास खकाल्ने एवं रितले रात्रीको १२ बजेसम्म लखरलखर गर्दामा पनि पहाडी भुच्चुक भन्ने गाली सहनै पर्थ्यो। रातको १२ बजे थकाइले चुर हुँदासम्म घोटिइरहनु पर्थ्यो। गाउँका याद आउँथ्यो। घरकी वृद्ध आमा र कान्छीको सम्झना गर्ने गर्थ्यो। तर बिरेलाई एउटा चिठी लेख्ने फुर्सतसम्म पनि भएन। लेख्न खोजेर पनि लेख्न सकेन। के भनेर लेख्नु भनेर उसको मन पिरलिइरह्यो।

बिरे बिछ्यौनामा पल्टेर विचारसागरमा मग्न थियो। कुरा खेलाउँदाखेलाउँदै उडेर गाउँमा जाँउजस्तो हुन्थ्यो। यही विचारको तन्द्रामा लाग्दालाग्दै घरको सम्झनामा सोच्तासोच्तै, भुसुक्क निदायो। सपनामा पुग्यो ऊ आफ्नो गाउँमा।

आफू लाहुरे भेषमा घर गएको। कान्छी आँगनसम्म मुसुमुसु हास्दै स्वागत गर्न आएकी। कान्छी कति खुसी भएकी। उसले आफ्नी आमालाई गएर ढोगिदियो र कान्छीसँग गएर वात मार्न थाल्यो।

"निष्ठुरी ! चिठी न पत्रसँग यत्तिका वर्ष रहन सक्ने। मलाई मात्रै एकोहोरो माया रहेछ नि" –कान्छीले लाडे स्वरमा भनी।

उसले केही भन्न आाटेको हुन्छ। तर त्यति नै बेला मालिक ठूलो स्वरमा कराउँछ– "बहादुर ! ओ बहादुर"

बिरे माथि आकासबाट खसेजस्तो हुन्छ।

ooo

"तपाईँ फर्किनुहुँदा मेरो मुख देख्न पाउनु हुनेछैन।"

कान्छीले रोदनका साथ भनेको सम्झँदा बिरे झसङ्ग हुन्छ।

कान्छीलाई सम्झदा मुटुमा गाँठो पर्थ्यो र आँखामा टिलपिल आँसु रसाएर आउँथ्यो। बिरे घरतिर भोलि नै हिँड्छु भनेर तम्सिन्थ्यो, तर फेरि जग्गाजमिन फछ्र्याउने कुराहरूको कर्कस आवाज, साहुको खप्की अनि कान्छीलाई कबोल गरेको रेसमी साडीसहितको कुराले फेरि मन पछाडि फर्कन्थ्यो।

महिनाको १० रूपैयाँ भए पनि कान्छीको दिल हँसाउन उसले खाईनखाई राखेको थियो। वर्ष दिनको परिश्रम १००। कम्पनी मात्र उसको साथमा थियो।

एक दिन एउटा अधबैँसे नेपालीसँग बिरेको भेट भयो। बल्ल बिरेले आफ्नो दुःखको पोका फुकाउने मौका पायो। धेरै दिनसम्म माइत जान नपाएकी स्वास्नीमान्छेलाई आफ्नो माइतीको मानिस भेटेसरी भयो। सधै हैँ र तैँ भनी बोलिरहन पर्ने बिरेलाई आफ्नो मातृभाषामा यसरी कुरा गर्न पाउँदा आफ्नै देशमा छु जस्तो भान हुनथाल्यो। बिरेले समस्त आफ्नो जीवनकथा धमाधम ओकल्न थाल्यो। अधबैँसेले पनि बिरेको कुरामा अफसोच प्रकट गरेर च्च ! च्च ! विचरा ! भनेर सहानुभूति प्रकट गरेको भाव देखायो।। उसै त हुँडलिएको बिरेको दिल झन् पगालिदिन थाल्यो त्यो मान्छेले। बिरे आफ्नो कुरा भन्दाभन्दै गहभरि आँसु पारेर, मुटुमा गाँठो पारी अड्कीअड्की कान्छीसँग बिदाबारी भएको कुरा गर्दै विरहभाव प्रकट गऱ्यो "अइले महिनाको १० रूपैयाँमा यो कष्ट बिताइरहेछु, वर्ष दिनभरि नखाइनलाई १००। कम्पनी जम्मा पारेको छु। यही कामले मलाई घर फर्कन अझ धेरै वर्ष लाग्नेछ, भनेजस्तो काम कहीँ पाइन।"

बिरेले आफ्नो कथाको अन्तिम वाक्य यहीँ टुङ्ग्यायो।

आगन्तुक अधबैंसे नेपाली पच्छिम ३ नम्बरको हा, नाम कुलराम। ऊ पनि त्यस्तै भएर हिन्दुस्थान झरेको थियो। उसले पनि केही काम नपाएर होला अल्लारिँदै हिँड्दाहिँड्दै यस्तै कसैलाई नपाएर, जम्मै आफ्नै नेपाली भाइलाई पन्जामा पारी नाङ्गेझार बनाएर पठाउने धुनमा खालि यस्तै नेपालीलाई सिकार गरिहिँड्थ्यो। मीठो वचनले प्रभाव पारी उसले कति नेपालीलाई टपरीको सिता टिप्ने पारिसकेको थियो।

बिरेले आफ्नै नेपाली सम्झेर विस्तारका साथ सबै अफ्नो वृत्तान्त कह्यो। कुलराम भले भने बिरेलाई कसरी फसाँउने भनेर षड्यन्त्र रच्न थाल्यो।

"हेर्नुहोस् ! हाम्रो नेपाली गरिबीले गर्दा आफ्नो ठाउँमा निर्वाह गर्न नसकी केही काम नपाएर विदेशमा आउँछन्। तर यहाँ पनि बैरी लाग्छन्, केही काम पाउँदैनन् अनि अनेक कष्ट सहनु पर्दछ।" कुलरामले फूलबुट्टा भर्न थाल्यो। बिरेलाई देखाएर फेरि भन्न थाल्यो–"यहाँलाई पैले नै मैले फेलापार्न पाएको भए राम्रो नोकरी मिलाइदिने थिएँ।"

यो सुनेर हर्षित भएर बिरेले भन्यो- "के अझ पनि मिलाइदिन सक्नुहुन्न त ?"

"आँटेदेखिन् सकिएला नै मैले आफ्नै हातले धेरै नेपालीलाई भर्ना गरिदिएको छु। यो पनि एउटा धर्म नै हो"–कुलरामले चिप्लो भाषामा भन्यो।

"मलाई पनि निगाहा गर्नुहोस् कहिलेसम्ममा मिलाइदिन सक्नुहुन्छ ?" बिरेले भन्यो।

बिरे कुलमानबाट प्रभावित भयो।

कुरा गर्दागर्दै "धेरैबेर एकान्त पारेर कुरा गरिरहेछौ, को थियो बिरबहादुर ?" भन्ने आवाज कानमा पऱ्यो।

"उसोभए भरे गान्धी मैदानमा आउनु होला म बाटो हेरिरहनेछु" -बिरेलाई विश्वास पार्दै कुलराम हिँड्यो।

अति हर्षित भएर भरे कहिले होला भन्ने धुनमा चियाको ग्लास खकाल्दाखकाल्दै होसै भएन बिरेलाई। खद्रङ्गै हातबाट खसी सिसाको ग्लास फुटिहाल्यो। अब के चाहियो र ! "नेपाली भुच्चुक" भन्ने अश्लील गालीको पर्रा छुट्न थाल्यो। तैपनि बिरेलाई एकबात बोल्ने साहस आएन।

जब ८/९ बजेको टाइम भएको थियो, बिरेले सबैको आँखा छलेर सुइँकुच्चा ठोकिहाल्यो। कुलराम गान्धी मैदानमा उसैलाई कुरेर बसिरहेको देख्यो।

"अहो ! आउनु भो' म पनि तपाईँकै प्रतीक्षा गरिरहेको, हिँड्नुहोस् आज मेरो डेरामा गएर सुतौँ भोलि बिहान सबेरै भर्ना गराइदिउँला, दिउँसै मैले मिलाइसकेको छु"–कुलरामले कुरा बनाउँदै भन्यो। त्यसपछि आँतका दाजुभाइजत्तिकै ठानेर बिरे कुलरामका पछाडिपछाडि हिँड्यो लुरुलुरु।

पटना सहरको एकएक गल्ली घुमाउँदा घुमाउँदा बल्ल एउटा अध्याँरो छिँडीभित्र बिरेलाई हुल्यो कुलमानले। एकचोटि बिरे झसङ्ग भयो। तर नेपाली भन्नासाथ उल्लाई विश्वास र ढाडस बढेर आउँथ्यो। सलाई कोरेर टुकी बाल्यो र दुवैजना एउटै थोत्रो दरी तानेर सुते। विचरा बिरे ! प्रलय सागरमा डुब्दाडुब्दै कुन सटक निन्द्राले छोपेछ, उसलाई पत्तै भएन।

सहरको निश्चल वातावरणलाई खलबलाउँदै प्रभातले पाइलो टेक्यो। बाहिरतिर मानिस हिँडेको आवाजका साथै बिरेको निन्द्रा पनि भङ्ग भयो। आँखा मिच्दै आफ्नो साथी भनाउँदो कुलरामलाई हेऱ्यो। देखेन। गान्धी मैदान गएको होला भनी निकै बेर बाटो हेरिरह्यो, तैपनि आएन। हतास र निरास हुँदै बाहिरतिर कुलरामको खोजीमा हिँड्यो। कम्मर छाम्यो। आफ्नो वर्ष दिनभरिको परिश्रम पनि बेपत्ता पारेछ। छाँगाबाट खसेजस्तो भयो। चिच्याएर कराऊँजस्तो लाग्यो, रुउँजस्तो लाग्यो उसलाई। मुटुमा गाँठो पर्दैआयो, वेदनाले लामो सुस्केरा हालेर त्यहीँ थचक्क बस्यो। दिनको १२ बजिसकेको थियो। उसलाई भोक बढ्दैआयो, चिन्ताको रेखा मुहारमा खिचियो। जतिजति भोक बढ्दै जान्छ, उतिउति कुलरामदेखि रिस चढ्दै जानथाल्यो, कुलरामलाई भेट्न पाए रगत पिउँलाजस्तो झोक चल्यो।

बिरेलाई भित्री हृदयदेखि नै नेपाली भनेका आफ्ना आफन्त हुन् भन्ने कुराप्रति घृणा लागेर आयो। घृणा पनि किन नहोस् त ! एकै नेपाल आमाका सन्तान, एउटै पानीबाट हुर्किएको नेपालीले असहाय भाइमाथि सहानुभूति प्रकट गर्नुको सट्टा उसको यो हालत गरायो। ऊ बहुलाहा जस्तो हुँदै, धाराको पानी पिउँदै भौँतारिन थाल्यो।

ooo

मकवानपुर गढीको डाँडाबाट बिहान र बेलुकीपख अलिअलि हरियो र रातोरातो फुस्रो रङको मधेस देखिन्छ। कान्छी जहिले पनि बिहानबेलुकी त्यही डाँडाबाट दक्षिणतिर फर्केर बरर आँसु झारेर दिल कल्पाएर आफ्नो पति बिरेको सम्झना गर्थी– "कहाँ होला, कुन ठाउँमा होला, कस्तो किसिमले बसेको होला।" यही कल्पना गर्दागर्दै वर्ष दिन नाघिसक्यो, तर बिरेको केही खबर छैन, केही खबरपता पाउन सकेकी छैन। मनमा छट्पटी मात्रै छ।

यो वर्षदिनभित्र कान्छीको जीवनले अनेक कष्ट सहनु पऱ्यो। बिरे गएको छ महिना पनि पुग्न पाएको थिएन, त्यो छाप्रोमा कान्छीलाई अकेली छाडेर वृद्ध सासुले विदा लिइसकेकी थिइन्। अकेली कान्छीले त्यो घटनामा रोएरै कति दिन बिताई। एक्लो जीवन जतिबेर पनि डर लाग्छ उसलाई।

आजभन्दा भोलि, भोलिभन्दा पर्सि क्रमैसँग दिनहरू बित्दै गए। तर पनि बिरेको अत्तोपत्तो नहुँदा कान्छीको मनले हरेस खाँदै आयो। २० वर्षे लालीजोवन, उमेरको खुट्किलो टेक्दैटेक्दै जान लाग्यो। एक किसिमको शून्यता अनुभज गर्न थाली ऊ। कहिले हरेस खान्थी र कहिले हिम्मत गर्नुपर्छ भनेर मनलाई शान्त पार्थी।

ooo

हिन्दुस्थानी मात्र फटाहा हुँदा रहेनछन्, नेपाली भनेका पनि फटाहा हुँदा रेहेछन् भन्ने निष्कर्षमा पुगेको बिरे निकैबेर घोरियो। जुठो भाँडा माझ्दामाझ्दै उसको मन गाउँमा पुग्यो। उसको कानमा, मनमा आमाको बोली आयो। हिँड्ने बेलाको कान्छीको अनुहार आयो, आँसु आयो। विदेशमा भोकभोकै मर्नुभन्दा, कुकुरलाई भनेझैँ अर्काको भनाइ खानुभन्दा बरू गाउँमै जान्छु। जुरुक्क उठ्यो बिरे। यताउती हेऱ्यो र लाग्यो टेसनतिर। रक्सौल, वीरगन्ज, हेटौँडा, मकवानपुर गढी उसको मन पनि हुइँकियो त्यतैतिर।

ooo

❑ यो साता कविता

## क्रान्तिको भ्रम किन छर्दै छौ



❑ हुकुमबहादुर सिंह

*रोल्पा, रुकुमका जनता सोध्दैछन्*
*जनयुद्धका 'नायकहरु'लाई*
*क्रान्ति भन्थ्यौ*
*खै त्यो कहाँ गयो ?*
*गरीबको सत्ता भन्थ्यौ,*
*खै त्यो कहाँ आयो ?*
*सुरूङ युद्ध भन्दै हजारौं सुरूङ खन्न लगायौं*
*सुरूङ खन्नेलाई न ज्याला दियौ,*
*न परिश्रमको कुनै मूल्य चुकायौं।*

*तिमी भन्ने गर्दथ्यौ,*
*राजतन्त्रको जरो दिल्लीसम्म फैलिएको छ*
*त्यसको हात न्युयोर्कसम्म तन्किएको छ*
*राजाको जरो र हात काट्न*
*सुरूङको खाँचो छ*
*त्यसैले,*
*विस्तारवादका विरुद्ध लडाइँ लड्नुछ*
*राजा हटाउँदा, भारत आउँछ*
*त्यसलाई रोक्नु छ।*

*दुई दशक नबित्दै हामीले देख्यौं*
*राजाको जरोसँगै*
*तिम्रो शरीर दिल्लीमा टाँसिएछ*
*राजाको हातसँगै*
*तिम्रो दिमाग अमेरिकन भएछ*
*क्रान्तिको बेडा उठाएको*
*नाटक मात्रै गऱ्यौ होइन ?*
*अहिले थाहा भयो र हुँदैछ*
*क्रान्ति रोल्पा रूकुमका झुपडीका लागि*
*साँच्चै क्रान्ति भएता पनि*
*बल्ल थाहा हुँदैछ*
*तिम्रा लागि त फगत नाटक रहेछ।*

*तिम्रा ती भनाईहरु*
*तिम्रा ती दौडधुप*
*सबथोक कृतिम रहेछन्*
*आफ्नै स्वार्थ प्राप्तीमा टाँसिएका रहेछन्।*

*भन्ने गर्दथ्यौ,*
*काठमाडौं जनताका शत्रुहरुको गुँड र कोटरी हो*
*काठमाडौं दिल्ली र न्युयोर्कको दास हो*
*तर तिम्रा लागि अहिले,*
*त्यही काठमाडौं प्यारो भएको छ*
*त्यही काठमाडौं सुन्दर देखिन थालेको छ*
*काठमाडौंका सुकिलामुकीला पोसाकहरु*
*तिम्रा विश्वासिला विचारक भएका छन्*
*सिंहदरवारका अटालिकाहरु तिम्रा लागि चुम्बक बनेका छन्।*

*रोल्पा, रुकुमले सोध्दैछन्–*
*क्रान्ति भन्थ्यौ*
*खै त्यो कहाँ गयो ?*
*गरीबको सत्ता भन्थ्यौ,*
*खै त्यो कहाँ आयो ?*
*युद्धनायक छिट्टै खलनायक भयौ !*
*संसदवादको झोलमा डुबेरै पनि*
*किन अझै क्रान्तिको भ्रम छर्दै छौ ?*

## श्रीहरु



❑ कृष्ण भक्त महर्जन

श्री तीन
उदायो
सुतायो
श्री पाँच
उदायो
सुतायो
श्री छ
उदाउन खोज्दै
सुतायो।

प्राकृतिक
या
अप्राकृतिक
जङ्गी ढोङ
श्री तीनको
एकाकी ढोङ
श्री पाँचको
बहुरङ्गी ढोङ
श्री छ को

ख्याल ख्यालमा
स्याल पल्टिँदा
दल दलको
हिलोमा पसेका
श्रीहरु
कहिले लुसिफोरको
काँध जोड्छ
कहिले जेनजीको
काँध जोड्छ।

## आसन्न...

प्रभावित हुन्छ र परिणाम निस्कन्छ। यसको मतलब एउटा सिद्धान्तनिष्ठ, सही, स्वच्छ, स्वाभिमानी, स्वविवेकी, स्वनिर्भर, सक्षम, समर्पित र साहसी गरिब व्यक्ति वा शक्तिले यस्तो चुनाव जित्नै सक्तैन। कथंकदा जितिहाले पनि बहुमत प्राप्त हुनै सक्तैन। कदाचित बहुमत नै प्राप्त भएपनि विद्यमान संविधान, कानुन नियम र तिनलाई लागू गर्ने पुरानो प्रतिक्रियावादी भ्रष्ट र दलाल ब्युरोक्रेसी अनि अन्य प्रतिपक्षी कठपुतली दल र नेताहरूले आधातभूतरूपमा केही राम्रो र नयाँ गर्न नै दिँदैनन्। त्यो स्थितिमा न केही गर्न-गराउन सकिन्छ न त नेमकिपाका प्रेम सुवालहरूले खेलेको भन्दा बढी केही भूमिका खेल्न सकिन्छ। त्यसमाथि अहिले त अझ सुनियोजित रूपमा उत्पन्न गरिएको वर्तमान अन्यौल, अनिश्चितता र अराजकतापूर्ण यो विषम, संवेदनशील र भयावहकारी वातावरणको अन्त्य गरेर विश्वसनीय र भयरहित स्थिति सिर्जना नगरी स्वच्छ र सही निर्वाचन पनि हुँदै हुँदैन। त्यस्तो सहज अवस्थाबिना देशलाई अझ अन्योल, अराजकता, अशान्ति र अनिश्चितताको भुँवरीमा धकेल्ने तथा बाह्य हस्तक्षेपलाई अझ तीव्र र सघन तुल्याउने सुनिश्चित छ। त्यसैले फागुन २१ गते गर्ने भनिएको यो निर्वाचन नितान्त षडयन्त्रमूलक छ भनिएको हो। यो चुनावको परिणामस्वरूप देश विदेशीहरूको युद्ध अखाडा हुने र अन्ततः नेपाल राष्ट्रको स्वतन्त्र अस्तित्व नै गुम्ने भयानक खतरा देखिएकोले हाम्रो पार्टीले यस चुनावमा सहभागी भए देश बेच्ने लाइसेन्स दिने प्रक्रियालाई इन्कार गरेको हो भन्ने कुरा बुझ्नु जरुरी छ।

आजको यो गम्भीर र संवेदनशील राष्ट्रिय-अन्तर्राष्ट्रिय घडीमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरू हल गर्दै आत्मनिर्भर अर्थतन्त्रको निर्माणको दिशामा अघि बढेर मात्र स्वाधीन, समृद्ध र समतामूलक राष्ट्रनिर्माण गर्न सकिन्छ। यसको लागि आज देशमा, समाजमा र पार्टीमा समेत व्यापक र सुदृढ एकता अपरिहार्य बनेको छ। तसर्थ देश र जनताको हित चाहने सम्पूर्ण अग्रगामी तथा परिवर्तनकामी शक्तिहरूको सक्रिय सहभागिता, साझा परामर्श र आम समर्थनमा अग्रगामी अन्तरिम व्यवस्थापिकारजनप्रतिनिधि सभा चाहिएको छ। नयाँ निवाचन वा सर्वोच्च अदालतको उस्तै त्रिसँकु र एमसीसी पास गर्ने, अस्थीरता कायमै राख्ने र भ्रष्टाचार संस्थागत र साझा गर्ने राष्ट्रघाती दलाल र भ्रष्ट सांसदहरूको बाहुल्य भएको वा हुने पुरानै वा नयाँ संसद चाहिएको होइन र छैन। त्यसैले राष्ट्रिय जीवनमा केही योगदान गरेका र गर्न सक्ने लब्ध प्रतिष्ठित स्वच्छ, इमान्दार, सक्षम र साहसी व्यक्तिहरूको सहभागिता रहेको सबैजसोको विश्वासिलो नयाँ, अग्रगामी र देश-जनहितकारी स्वाधीन प्रगतिशील अन्तरिम सभा जरुरी छ। त्यसै अन्तरिम सभाद्वारा आफूहरूमध्येबाट वा विज्ञहरूमध्येबाट सानो, सक्षम र जिम्मेवार अग्रगामी अन्तरिम सरकार बन्नुपर्छ। यस्तो संसद र सरकारले राष्ट्रिय स्वाधीनतालाई सुनिश्चित गर्ने, जनअधिकारलाई आधारभूत वर्गमा पुराउने, जनसंविधान पुनर्लेखन गर्ने गर्नु-गराउनुपर्छ। किसान, मजदुर लगायतका शोषित-पीडित वर्ग र दलित, महिला, आदिवासी-जनजाती आदि समुदायको विद्यमान प्रतिशतको आधारमा जनप्रतिनिधि सभामा समानुपातिक प्रतिनिधित्वलाई प्रत्याभूत गर्ने पूर्ण समानुपातिक निर्वाचन प्रणाली मात्र अवलम्बन गर्ने प्रावधान राखिनुपर्छ। यस प्रणाली अनुसार सार्वभौम जनप्रतिनिधि सभा गठन गर्ने र सो सभाले नै जनप्रतिनिधि सभाको आमचुनाव गराई नयाँ संविधानको अनुमोदन गर्ने, सबै निर्वाचित राजनीतिक शक्तिहरूबाट सबै वर्ग र समुदायका समानुपातिक-समावेसी प्रतिनिधित्वमा सहमतीय सरकार बनाउने प्रावधान पनि नयाँ संविधान अर्थात् जनसंविधानमा उल्लेख हुनुपर्छ। त्यस्तो अवस्थामा मात्र अन्तरिम सरकारले प्रतिनिधि सभाको चुनाव गराएमा भाग लिनुको अर्थ र महत्व हुन्छ। यसरी गराइने र हुने चुनावमा पैसाको खोलो बगाई लड्ने र जित्ने अनि घुस-भ्रष्टाचार गरेर अकुत धनराशी जम्मा गरेर पुनः चुनाव जित्ने चुनावी परम्पराको साथै भ्रष्टाचारको एउटा कारणको पनि अन्त्य गर्दछ। यसरी मात्र सही राजनीतिक पार्टी र नेताहरूको योगदान र बलिदानको, योग्यता र क्षमताको मूल्यांकनको आधारमा स्वच्छ, निष्पक्ष र धाँधलीरहीत चुनाव हुन सक्छ। फेरि यस्तो चुनाव अहिलेको व्यक्तिकेन्द्रत प्रत्यक्ष निर्वाचन होइन पार्टी केन्द्रत पूर्ण समानुपातिक निर्वाचन मात्र राष्ट्रका लागि जरुरी छ।

हाम्रो जिम्मेवार क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टीले भनेझैं आजको चरम भ्रष्टाचार, परम अस्थिरता, घोर अन्यौल र असीम अराजकताको स्थितिबाट देशलाई सही दिशामा अघि बढाउने प्रस्थान विन्दु र उपयुक्त विकल्प हुन सक्नेमा कुरामा कुनै शंका छैन।

त्यसैले आज दिनप्रतिदिन नेपाली जनता र राष्ट्रको निम्ति थेग्नै नसकने बोझ थोपर्ने अत्यन्तै अवांछित, असामयिक र अस्वाभाविक रूपमा लादिएको यो चुनाव पूर्णतस् अस्वीकार्य र विरोध-भण्डाफोरयोग्य छ भनिएको हो। तसर्थ विद्यमान स्थितिमा यो नाटकीय निर्वाचनको ढोंग पिटिदै गरेकोले त्यसको भ्रममा नपर्न, सहभागी नहुन, मतदान नगर्न र कसैप्रति समर्थन वा सहानुभूति नजनाउन तथा जनतालाई यस्तो षडयन्त्रमूलक चुनावी नाटकको यथार्थप्रति सचेत, संगठित र संघर्षरत तुल्याउनको लागि क्रियाशील हुन हाम्रा सम्पूर्ण पार्टी पंक्तिलाई हालै एक अपिलमार्फत पार्टीले जरुरी निर्देशन गरेको हो भने राष्ट्रिय मुक्ति र जनक्रान्तिका सम्पूर्ण समर्थक-शुभचिन्तक र आम न्याय-समानता र स्वतन्त्रता प्रेमी जनसमुदायमा यो चुनावमा सहभागी नभै संघर्षमा (एकल पार्टी आयोजना र बहुपार्टीको संयुक्त आयोजनाका सशक्त आन्दोलनमा ) सहभागी हुन समेत हार्दिक आग्रह गरेको हो। यही निर्देशन र आग्रहलाई पूर्णअनुशासनबोध र जिम्मेवारीबोध गरेर निर्धारित नीति, कार्यक्रम र दिशामा सम्पूर्ण पार्टी कामरेडहरू र आम जनसमुदाय अत्यन्त संवेदनशील र गम्भीर बनेर पूर्ण विश्वास र समर्पणका साथ लाग्नु जरुरी छ। यही नै यतिबेरका हामी सचेत र जिम्मेवार क्रान्तिकारी शक्ति-समूह, वर्ग-समुदाय, संघ-संस्था, मंच-मोर्चा, अभियान-आन्दोलन र व्यक्ति-व्यक्तित्व लगायत सम्पूर्ण जनताको अहं कार्यभार हो।धन्यवाद २०८२ माघ २१

*(लेखक- नेकपाका नेता हुनुहुन्छ)*

## MLPD....

Revolutionary Communist Party, Nepal; – David Pariyar and Shyam Kuwar, Central Commitee Members of the Scientific-Socialist Communist Party of Nepal – Raj Poudel, District Secretary of the Communist Party of Nepal (Majority) – Rajubhai, the District Coordinator of the Scientific-Socialist Communist Party in Siraha District. They were all arrested in the exercise of their political activity, for an electoral boycott which is necessary in their opinion and which they had jointly agreed upon. These arrests violate the freedom of expression and the press guaranteed in your constitution. We demand the unconditional and immediate release of all these comrades. Here, comrades are arrested who are committed to Nepal's sovereignty and repeatedly reveal how imperialist countries such as India and, above all, the U.S., exert comprehensive influence on the political developments in Nepal. These arrests give cause for great concern that the elections announced for 5 March are not free and without repression. It is urgently necessary that the backgrounds of the murders of the students during the protests in September and the instigators of the extensive destruction in the whole country be uncovered. There are now many indications that infiltration and leadership of the so-called "Gen-Z movement" has taken place by U.S. and Indian institutions and Parliament has accordingly been dissolved. In the interest of Nepal's sovereignty and the interests of the people of Nepal, all direct and indirect influence of India, the U.S.A., the EU and China must be exposed and fought. For the immediate release of all those arrested.Gabi Fechtner/Chairwoman of the MLPD

*Gelsenkirchen, 6 February 2026*

## देवेन्द्र...

साउदले स्वागत गर्नुभएको थियो। कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य केगेन्द्र, विद्यार्थी नेता नविन खड्कालगायतका नेताहरूको उपस्थिति रहेको थियो।

सम्मेलनमा विभिन्न १४ वटा शैक्षिक संस्थाहरू पाटन संयुक्त क्याम्पस, नमूना मच्छिन्द्र, एम्स एकेडेमी, महालक्ष्मी क्याम्पस, सगरमाथा इन्जिनियरिङ कलेज, यूनिभर्सल, ब्राइट स्टार, एडभान्स, श्रमिक शान्ति, गम्भीर समुद्र मावि, पुलचोक इन्जिनियरिङ, ह्वाइट हाउस, केएमसी कलेज, ब्लूबर्ड लगायतबाट प्रतिनिधि तथा पर्यवेक्षकहरूको सहभागिता रहेको थियो।

## ओखलढुंगा...

जिल्लाबाहिर आफन्तकहाँ बसाइँ सर्न थालेका छन् भने गाउँमा बाँकी रहेकाहरू पनि समूह बनाएर एकै ठाउँमा सुत्न बाध्य भएका छन्। साथै, गोठबाट पशुचौपाया चोरी हुने क्रमसमेत बढेको स्थानीयले बताएका छन्।

गाउँलेहरूले पटक-पटक राज्य र सुरक्षा निकायलाई जानकारी गराउँदा पनि सुरक्षामा गम्भीरता नदेखाइएको आरोप लगाएका छन्। यसअघि यस्तै घटनामा संलग्न गिरोहलाई पक्राउ गरिएको भनिए पनि पछिल्ला घटनाका दोषीहरू अझै पक्राउ नपरेको स्थानीयको गुनासो छ।

लगातारका हत्या, लुटपाट र हिंसात्मक गतिविधिले गाउँमा त्रासको वातावरण बनेको निष्कर्ष निकाल्दै स्थानीयको भेलाले राज्य नागरिकको जिउधनको सुरक्षा गर्न असफल भएको ठहर गरेको छ। यही कारण आगामी निर्वाचनमा मतदान नगर्ने निर्णय गरिएको स्थानीयले बताएका छन्।

## गोर्खा...

सम्मेलनको आयोजना गरी विगेसोले सर्वोच्च अदालतले गरेको निर्देशनात्मक आदेशलाई ३ वर्षसम्म पनि कार्यान्वयन नगरेपछि खबरदारी कार्यक्रम गर्न लागेको जनाएको हो।

विगेसो प्रमुख सल्लाहकार परि थापाले ब्रिटिस गोर्खा भूतपूर्व सैनिकहरूलाई बेलायत सरकारले भाडाका सैनिकका रूपमा प्रयोग गरेकोले नेपाल सरकारले छिटो भन्दा छिटो पहल लिन माग गर्नुभएको छ। "सम्मानित सर्वोच्च अदालतले समेत गोर्खा सैनिकहरूको पक्षमा निर्देशनात्मक आदेश दिदासमेत सरकार ३ वर्षदेखि कानमा तेल हालेर बस्नु दुर्भाग्य हो"थापाले भन्नुभयो।

विगेसोका अध्यक्ष पदमसुन्दर लिम्बुले सर्वोच्च अदालतले नेपालीहरूलाई भाडाका सेना बनाउनबाट रोक्न दिएको सकारात्मक फैसलालाई सरकारले कार्यान्वयन नगरेकोले माघ २४ गते काठमाडौंमा प्रदर्शन गर्न बाध्य भएको बताउनु भयो।

२०७९ माघ २४ गते विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको महत्वपूर्ण दिनकारूपमा मनाउँदै २०८२ माघ २४ गते बिहान ११ बजे माइतिघर मण्डलामा जम्म भएर नयाँ बनेश्वर चोक पुगेर पुनः माईतिघर मण्डलामा फर्कि कोणसभा गर्ने पनि उहाँले जानकारी दिनुभयो।

अध्यक्ष लिम्बूले सन १९४७ को असमान राष्ट्रघाती सन्धिको खारेजीका साथै बेलायत, भारत, सिंगापुर र ब्रुनाईमा भोर्खा भर्तीका नाममा भइरहेको नेपाली नागरिकहरूमाथिको विभेद विरुद्ध राज्य उदासिन भएको बताउनु भयो। विगेसोले ब्रिटिस गोर्खाहरूको न्यायका लागि मात्रै नलडेर राष्ट्रिय स्वाधीनताको पक्षमा लडिरहेको बताउँदै लिम्बुले भन्नुभयो, "बेलायती साम्राज्यवादले गोर्खाहरूलाई ब्रुनाई र सिंगापुरलगायतमा मानव तस्करी गरिहरेको छ, नेपाल सरकारले बुझ्नु पर्दैन रु यो राष्ट्रि स्वाधिनता उल्लङ्घन भएन रु अब यस अन्यायविरुद्ध हाम्रा भुत्ते खुकुरीमा धार लाउँछौं के सरकार तयार छ सामना गर्न ?"

विगेसो सिंगापुर विभाग प्रमुख पलबहादर घर्तीले प्रेस विज्ञप्ति बाचन गर्दै बेलायतले १९४७ सम्झौतालाई उल्लङ्घन् गरेर गोर्खाहरूलाई ब्रुनाई, सिंगापुर लगायतका देशमा भडाका सैनिककारूपमा बेचेर मानब तस्करी गरिहरको बताउनु भयो। सिंगापुर सरकारले विधवालाई पेन्सन तथा सेवा सुविधाबाट बन्चित गरिरहेको, सैनिकहरूका बालबच्चहरूलाई पढाई नसकि बिचैमा नेपाल फर्कन बाध्य पारेको लगायतका अन्यायविरुद्ध सरकारले सुन्नपर्ने माग राखे राख्नुभयो।

सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको प्रकरण नं. २७ मा भनिएको छ,"यी समस्त सन्दर्भमा समेत रीट निवेदकले सन्धिको प्रभाव, संविधान प्रदत्त अधिकार र राष्ट्रको सम्मान तथा स्वाभीमानको विषय उठाएकोले यो विषयलाई सतर्कतापूर्वक हेर्न, नेपाल र संयुक्त अधिराज्य तथा यूरोपेली मानवअधिकार अदालतबाट भएका निर्णयहरू तथा अन्य संस्थागत प्रयासको विषयमा समेत विज्ञहरूबाट अध्ययन अनुसन्धान गराउन, सारेकारवालासँग छलफल चलाउन तथा नेपाल र संयुक्त अधिराज्यबीच रहेको ऐतिहासिक एवं विशिष्ट सम्बन्धमा प्रतिकूल असर नपर्ने बरु अझ मजबूत हुने किसिमबाट दुई राष्ट्रको हितमा गोर्खा सेनाको सेवा सुविधालाई समुचित, समयानुकूल र समानतामा आधारित अरु सम्मानजनक बनाउन आवश्यक र उचित कदम लिन विपक्षीहरूको ध्यानाकर्षण गराउनु भनी यो निर्देशाात्मक आदेश जारी गरिएको छ।"

## आगामी...

भुकम्प ल्याइदियो। वर्गीय समाजमा यदि उच्च वर्ग शक्तिमा छ भने जनताको राज कहिले हुन सक्दैन। जालफेल, कपट, षडयन्त्रले मात्र काम गर्छ। शक्तिविहीन जनता शोषित पीडित हुन्छ। त्यसैमा तिनीहरूको जीवन समाप्त हुन्छ। लोकतन्त्रको नाममा गरिने निर्वाचन अभ्यास, उच्च वर्गमा खेल्नबाट समाजमा परिवर्तन ९क्रान्तिञ अहिलेसम्म भएको छैन। राजनैतिक मात्र हुन्छ। अल्पसंख्यकको राज्यमा बहुसंख्यकको उपेक्षा हुन्छ। मार्क्सको अध्ययनले यो भिन्नता अन्तविरोधलाई एक एक गरेर केलायो र निष्कर्षमा पुग्यो कि न्यायमूलक समाज पूर्ण नयाँ समाजको निर्माण जालसाजी ढंगले गरिने निर्वाचनबाट कहिले सम्भव हुँदैन।

यसरी सामन्तवाद (नेपालमा राजतन्त्र) पुँजीवादी (विकसित अविकसित) कसैले गएपनि गराएपनि स्वच्छ, स्वतन्त्र हुँदैन। सामन्त र पुँजीपति वर्गको हितका निम्ति प्रतिनिधि चुनिन्छन्। उनले भेटे त्यहाँको छलफल, बहस पुँजीवादलाई दीर्घजीवि राख्नको निम्ति मात्र गरिन्छन्। यसलाई ९संसद० खसीको टाउको झुण्डाएर कुकुरको मासु बेच्ने थलोको रूपमा लिइन्छ। कुरा, भाषण, छलफल, बहस एक किसिमका हुन्छन्, काम शतप्रतिशत अर्कै। निम्न वर्गका जनतालाई झुक्काउने, अलमलाउने मात्र यिनीहरूको धन्दा हुन्छ। धनको ठूलो ह्रास खर्च गरेर संसद कब्जा गर्ने निर्वाचन पद्धतिबाट मजदुर किसान, निम्न मध्यमवर्ग, मध्यम वर्गको कल्याण रक्षा हुन हुँदैन। मार्क्सको यो निस्कर्षलाई लेनिनले रुसमा अक्टोबर क्रान्ति-सर्वहारावर्गको क्रान्ति सम्पन्न गरेर व्यवहार मै देखाइ दिए। जार विरोधी संघर्षमा सम्मिलित मेन्सेविक लगायत अन्य विविध पार्टीहरू जसको कार्यदिशा पुँजीवादलाई बलियो बनाउनु थियो। तिनैको सहमतिमा निर्वाचन भयो भने मेन्सेविक विजयी भए बोल्सेभिक पराजित। यसले लेनिनलाई गम्भीर बनायो। क्रान्ति सम्पन्न गर्ने लेनिन विजयको माला लगाउने अरु धन र शक्तिको खेल अझै रुसी जनताले छुट्टाउन सक्ने भएको रहेन छ। त्यसैले संसद विघटन गरियो। सर्वहारा वर्गको हातमा सत्ता सौं दिन त्यसलाई बलियो बनाउन पुँजीपतिवर्गको अधिनायकत्वको विरुद्ध सर्वहारावर्गको अधिनायकत्व हुनु पर्ने व्याख्या लेनिनले गरे। त्यसैले साम्राज्यवादीहरूले लेनिनको यो व्याख्यालाई तानाशाहीको संज्ञा दिएका हुन्। अल्पसंख्यकको बहुसंख्यकमाथि गरिने मनपरी तानाशाही व्यवहारलाई छिपाउन अथक परिश्रम गरिरहेका थिए, गर्दैछन्। त्यसकारण निर्वाचन पुँजीवादी, साम्राज्यवादी शक्तिलाई बलियो, सुदृढ बनाउने यन्त्र मात्र हो भन्नमा हिचकिचाउन पर्दैन।

विश्व राजनीतिलाई केलाई सकेपछि पुँजीवादी लोकतन्त्र अन्तर्गत हुने राजनीति चुनाव जनतामा आधारभूत समस्या हेर्न समाधान गर्न असफल भएको इतिहास साक्षी छ। नेपालमा पनि साम्राज्यवादविरुद्ध संघर्ष गरेर पुँजीवादी लोकतन्त्र ००७ सालमा स्थापित भयो। त्यसदेखि ७५ वर्षसम्म धेरै निर्वाचन भए। बहुसंख्यक जनताको जीवनस्तर ज्यूँका त्यूँ रह्यो। केही उकालो लाग्न सकेन बरु यसले नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद निम्ति संघर्षमा लागेका धेरै कम्युनिस्टहरूलाई समाजवाद प्राप्त गर्ने सरल बाटोतिर आकृष्ट गऱ्यो। त्यो हो संसदीय निर्वाचन। अहिले संलग्न सबै त्यसैमा खेलिरहेका छन्, पुरानो लोकतन्त्रवादी भन्दा यिनीहरू चुनावी दौडमा अझ अगाडि देखिन्छन्। नयाँ जोगीले धेरै खरानी घस्छ किनकि उनीहरूले पनि समाजलाई प्रभावित पार्न परेको छ। आफ्ना साम्राज्यवादी, विस्तारवादी मित्रहरूलाई प्रसन्न राख्न परेको छ। मालिकहरूलाई कसले बढी खुशी तुल्याउन सक्छ त्यसमा यिनीहरू बीच ठूलो प्रतिस्पर्धा हुन्छ। त्यसैले यी नयाँ जोगी संशोधनवादीहरूबाट अलग भै अछुत बसेका देशभरका क्रान्तिकारी देशभक्तहरू सुस्तसुस्त एकजुट हुँदैछन्। तिनीहरूको नेतृत्व ६ पार्टीले गरेका छन्। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको संयोजकत्वमा गोलबन्द हुँदै छन्। यो गोलबन्दीकरणको तत्कालीक उद्देश्य राष्ट्रियता जोगाउनु, देशभरमा थुप्रेर बसेका दलाल, एजेण्टहरूलाई भगाउन, भण्डाफोर गर्नु, जनताका जनजीविकाको ग्यारेन्टी गर्नु र लोकतन्त्रलाई जनमुखी बनाउनु हो। त्यसपछि मात्र समाजवाद प्राप्त गर्न सकिन्छ। विनोद चौधरी जस्ता अत्यन्त धनवान व्यक्तिलाई पालैपालो आफ्नो संगठनमा प्रयोग गराउने तिनीहरूलाई सबै प्रकारका कानुनी बन्देजबाट मुक्त गर्ने। कर भन्सारमा छुट दिने, सस्तो ब्याजमा पैसा उपलब्ध गराउने, विद्युत जस्ता साधनमा उले तिर्नुपर्ने बक्यौता माफी गर्ने सबै निर्वाचनमा भाग लिए विजय भएका सत्ता सम्हालेका पार्टीहरूबाट जनताको हित सम्भव हुँदैन। लोकतन्त्र नाप्ने मिटर धन र शक्ति प्रयोग गरेर गरिने निर्वाचनबाट हैन। यो त धन र शक्ति हुने वर्गको लोकतन्त्र मात्र हो।

त्यसैले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको संयोजकत्वमा गठित केन्द्रीय संघर्ष समितिले सक्रियतापूर्वक फागुन २१ गतेको निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको हो। २९ फागुनमा उपत्यका बन्दको कार्यक्रम थियो। त्यसभन्दा अघिल्लो दिन मशाल जुलुश प्रदर्शन गर्दा धेरै नेता, कार्यकर्ता गिरफ्तार गरिए। यसरी पहिलो चरणको कार्यक्रम माघ ५ गतेसम्मको निम्ति संघर्ष समितिले प्रकाशित गरेको छ। देशभर विरोध प्रदर्शन भैरहेका छन्। चुनाव बहिष्कार क्रान्तिकारीहरूले गरिरहेका थिए तर यसपटक वैकल्पिक कार्यक्रम पनि पेश गरिएको छ। कार्यक्रमले भन्छ-स्वाधीन संयुक्त सरकार निर्माण गर्ने -त्यसको निम्ति पुरानो संविधान तथा कठपुतली सरकार खारेज गर्ने नयाँ संविधान घोषणा गर्ने। यसैले संयुक्त संघर्ष समितिको निर्वाचन बहिष्कार गर्ने आह्वानलाई सबै क्रान्तिकारी देशभक्तहरूको परम कर्तव्य भएको छ।



**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- www .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

## आलोपालो

# आसन्न निर्वाचन र हाम्रो कार्यभारबारे केही कुरा

**आजको यो गम्भीर र संवेदनशील राष्ट्रिय–अन्तर्राष्ट्रिय घडीमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरू हल गर्दै आत्मनिर्भर अर्थतन्त्रको निर्माणको दिशामा अघि बढेर मात्र स्वाधीन, समृद्ध र समतामूलक राष्ट्रनिर्माण गर्न सकिन्छ । यसको लागि आज देशमा, समाजमा र पार्टीमा समेत व्यापक र सुदृढ एकता अपरिहार्य बनेको छ ।**



● नारायण शर्मा ●

लोकनारायण सुवेदीको नेतृत्वमा हालै एकीकृत भएको हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले हाल देशमा जेनजी विद्रोहका नाममा साम्राज्यवादी गुरुयोजनामा हत्या, आतंक र विध्वंस मच्चाएर गठन गरिएको वर्तमान एकपक्षीय असंवैधानिक कठपुतली सुशीला सरकारलाई मान्यता नदिएको स्पष्ट छ । त्यसमाथि यो सरकारले भ्रस्टाचारको अन्त्य र सुशासनको स्थापनाजस्ता जेनजीलगायतका सम्पूर्ण जनताका मुख्य मागहरूलाई बेवास्ता गरेर देशलाई निकास र विकास दिने गरी कुनै राष्ट्रिय राजनीतिक सहमति वा एकल प्रयास पनि गरेको छैन ।

आज देश-विदेशमा रहेका असंख्य नेपाली नागरिक मतदाताहरूले मतदान गर्न पाउने व्यवस्था पनि नगरी पुनः उस्तै जनविरोधी दलालहरूको बर्चस्व हुने त्रिसँकु संसद र अस्थिर सरकार निर्माण गर्नको लागि चुनाव गराउन लागिरहेको छ । त्यस्तो संसद र सरकारले देशलाई युद्धमैदान बनाउने कुरा दृष्टि क्षितिजमा छर्लङ्ग छ । तथापि यो असामयिक र अवांछित संसदको निर्वाचन थोपर्ने दुस्प्रयास हुनु अत्यन्त चिन्ता र खेदको मात्र होइन निन्दा, भत्सर्ना र प्रत्याकमणको विषय बनिरहेकोछ ।

हाम्रो पार्टीले देशका विद्यमान समस्या थप जटिल, गम्भीर र भयावह बनाउने गरी देशले थेग्नै नसक्ने थप ऋणभार बोकाउँदै विदेशीका बलमा थोपरिएको यो संसदीय चुनावमा सहभागी नहुने निर्णय त्यत्तिकै लहडका भरमा गरेको होइन । हुन त चुनावको प्रश्न अन्ततः लेनिनले भन्नू भएझैं २४ घण्टामा बदलिने कार्यनीतिक प्रश्न नै हो । तैपनी वर्तमान सन्दर्भमा चुनाव उपयोग ( भाग लिने) वा अस्वीकार (सहभागी नहुने) दुवै नीतिको कुनै यतिखेर कुनै खास अर्थ र परिणाम नदेखिन सक्छ, तर यसको दीर्घकालीन प्रभाव र परिणाम नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनको इतिहासमा देखिनेनै छ ।

वास्तवमा देशमा बारबार असफल भैरहेको उही दलाल पुँजीवादी संसदीय व्यवस्था, पुरानै प्रतिकृयावादी सत्ता र यसका राष्ट्रिय हितविपरीतका संवैधानिक र कानुनी प्रावधान कायमै भएको संविधान यथावतै राखेर तिनमा कुनै सुधारसम्म ल्याउन नसक्ने कसैको स्पष्ट बहुमत वा सर्वसम्मत हुन-गराउन नसक्ने संसदको पुनः निर्माण गर्ने यो चुनाव नेपाली जनतालाई पूर्णरूपले अस्वीकार्य छ ।

प्रथमतः साम्राज्यवाद र सामन्तवादपरस्त दलाल तथा नोकरशाही पुंजीपती वर्गको बर्चस्व भएको र भैरहने विद्यमान संसदीय व्यवस्थामा सही, स्वच्छ, निस्पक्ष र धाँधलीरहित चुनाव हुनै सक्तैन । यो मूलतः देशीविदेशी पावर, पैसा, प्रविधि, प्रचार र प्रशंसा जस्ता पाँच प द्वारा *बाँकी ७ पेजमा*

# चीनले सञ्चालन गऱ्यो हवाइजहाज अस्पताल



एजेन्सी । चीनको पहिलो हवाईजहाज अस्पतालले आफ्नो चिकित्सा संस्था अभ्यास इजाजतपत्र प्राप्त गरेको छ र आधिकारिक रूपमा अस्पताल सञ्चालनमा आएको छ ।

अनुहारको विशेषता स्वास्थ्यमा समर्पित हवाईजहाज अस्पताल बाट परिमार्जन गरिएको छ, जुन घरमै विकसित छोटो-मध्यम दूरीको टर्बोफ्यान क्षेत्रीय विमान हो, र यसमा मोबाइल क्लिनिक, व्यापक परीक्षा क्षेत्र, प्रशिक्षण ठाउँ, पूर्व-शल्यक्रिया तयारी, र शल्यक्रिया क्षेत्रलाई एकीकृत गर्ने बहु-कार्यात्मक, द्रुत रूपमा तैनाथ गर्न मिल्ने मोड्युलर सेटअप रहेको छ, जुन सबै घरेलु रूपमा उत्पादित परिशुद्धता चिकित्सा उपकरणहरूले सुसज्जित छन् ।

सेप्टेम्बर २०२५ मा उत्तरपश्चिम चीनको शिहेजीमा यसको उद्घाटन उडान भएदेखि, यो आधारभूत निदानबाट शल्यक्रिया क्षमताहरूमा विकसित भएको छ, र यसले २०२६ मा परोपकारी अभियानहरूको लागि बेल्ट एण्ड रोड साझेदार देशहरूमा चिकित्सा रूपमा कम सेवा प्रदान गरिएका क्षेत्रहरूमा आफ्नो सेवा दायरा विस्तार गर्ने योजना बनाएको छ ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

**हुस्सु, कुहिरो र शीतलहरको बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले,**

- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा सतर्क रहौं,

**सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# सांस्कृतिक चलचित्र महोत्सव हुँदै, ३९ देशका ८५ चलचित्रहरू निःशुल्क हेर्न पाइने

काठमाडौँ । नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा ‘ नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभलको सातौँ संस्करण आयोजना हुने भएको छ । माघ १६ गतेदेखि १८ गतेसम्म चाबहिलको चलचित्र विकास बोर्ड, भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्ड र नेपाल पुलिस क्लबमा आयोजना हुने महोत्सवमा ३९ देशका ८५ चलचित्रहरू प्रदर्शन हुने भएका छन् । काठमाडौँमा विश्वभरका सांस्कृतिक, सामाजिक र सिर्जनात्मक चलचित्रको प्रवर्द्धन गर्ने उद्देश्यले विगत सात वर्षदेखि निरन्तर आयोजना हुँदै आएको यो महोत्सव नेपालकै एक प्रतिष्ठित अन्तर्राष्ट्रिय चलचित्र उत्सवका रूपमा स्थापित हुँदै गएको आयोजकको भनाई छ । यस वर्षको महोत्सवमा ७५ भन्दा बढी देशबाट ७०० चलचित्र प्राप्त भएका मध्येबाट ५२ देशका १३८ चलचित्रहरू महोत्सवका लागि चयन भएका थिए ।

महोत्सवमा लघुचलचित्र, कथानक चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्रसँगै महिला, बालबालिका, मानव अधिकार तथा सांस्कृतिक विषयवस्तुमा आधारित चलचित्रहरू समावेश गरिएका छन् । “तीन मिनेटदेखि साढे दुई घण्टासम्म अवधिका चलचित्रहरू महोत्सवका लागि छनोट भएका छन्,” महोत्सवका निर्देशक तथा अध्यक्ष सन्तोष सुवेदीले बताए । चाबहिलको चलचित्र विकास बोर्डमा उद्घाटन समारोह रहने महोत्सवमा चलचित्र प्रदर्शनसँगै सांस्कृतिक कला प्रदर्शनी, नृत्य, कला-संस्कृति र पर्यटनसम्बन्धी अन्तरक्रिया लगायत थुप्रै कार्यक्रमहरू रहेको महोत्सवकी सह-निर्देशक सृष्टि न्यौपानेले जानकारी दिइन् । अस्ट्रेलियाली निर्देशक मौलीनाथ गंगोलीद्वारा चलचित्रसम्बन्धी मास्टर क्लास पनि दिनेछन् ।

चलचित्र महोत्सवको लागि अन्तर्राष्ट्रिय निर्णायक मण्डलमा अमेरिकाकी निर्माता-निर्देशक जेसिका एकर्सन, बेलायतकी निर्माता एड्रियाना कुलिग, जर्जियाकी अनुसन्धानकर्ता निनी सिभेलिज, इटालीकी लेखक तथा निर्देशक भ्यालेन्टिना गाल्डी, बेलायतकी निर्देशक-निर्माता म्याग्डालिना कोर्पास, अर्जेन्टिनाका निर्देशक तथा चिकित्सक डा। जर्ज ग्युलेर्मो क्याराभोटा, ट्युनिसियाका निर्देशक नुमिन नुमिन, लाट्भियास्थित स्कार्लेट फिल्म्सका संस्थापक इमरोज होसेन रहेका छन् । राष्ट्रिय तर्फको जुरीमा चलचित्र लेखक, निर्देशक तथा कलाकार रमेश बुढाथोकी, अभिनेता धिरेन शाक्य, अभिनेत्री तथा निर्माता दीपाश्री निरौला, अभिनेता आर्यन सिग्देल र निर्माता तथा छायाँकार रविन आचार्य रहेका छन् ।

महोत्सवमा दक्षिण एसियाली मुलुक भारत, बंगलादेश, पूर्वी एसियाली देशहरू चीन, थाइल्यान्ड, कोरिया, काजकिस्तान, यूएई, कतार, हङकङ, फिलिपिन्स, इन्डोनेसिया, ताइवान लगायतका चलचित्रहरू चयन भएका छन् । साथै अमेरिका, क्यानडा, अस्ट्रेलिया, अर्जेन्टिना, बेलायत, फ्रान्स, इटाली, जर्मनी, रुस, स्विजरल्यान्ड, ट्युनिसिया, युक्रेन, स्पेन, नेदरल्यान्ड, मेक्सिको, फिनल्यान्ड, लिथुआनिया, चिली, नर्वे, ब्राजिल, सर्बिया, पोर्चुगल, पोल्यान्ड, हंगेरी, ग्रीस, डेनमार्क, बुल्गेरिया, चेक रिपब्लिक लगायत युरोप, दक्षिण अमेरिका तथा अफ्रिकी मुलुक मोरक्को, इजिप्ट, दक्षिण अफ्रिकाका चलचित्रहरू पनि समावेश छन् ।

महोत्सवमा उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, छायाँकारसँगै उत्कृष्ट लघु चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्र, महिला चलचित्र, बालबालिका चलचित्र तथा मानव अधिकारसम्बन्धी चलचित्र विधामा प्रतिस्पर्धा हुनेछ । नेपाल पुलिस क्लबमा हुने महोत्सवको समापन समारोहमा विभिन्न विधामा उत्कृष्ट ठहरिएका चलचित्र, कलाकार तथा प्राविधिकलाई अवार्ड प्रदान गरिने अध्यक्ष बताउँछन् । यस वर्ष १५ राष्ट्रिय र १५ अन्तर्राष्ट्रिय गरी ३० उत्कृष्ट चलचित्र सम्मान गरिनेछ । साथै चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई विशेष सम्मान प्रदान गरिने सुवेदी बताउँछन् ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।